का.जि.प्र.का.द.नं. १००/०५१/५०

२६ कातिक २०८०, आइतबार

12 November 2023, Sunday

मूल्य रु. ५/-

# मध्याान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २८३ । पृष्ठ ८

Madhyanha National Daily

www.madhyanhadaily.com




**हाम्रो आगामी अंक २०८० मंसिर ३ गते प्रकाशित हुनेछ ।**




*जाजरकोट भूकम्पले भत्किएको घरबाट सामग्री निकाल्दै भेरीनगरपालिका-३ पिपलडाँडाका स्थानीय । तस्बिर: रत्न श्रेष्ठ, रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ कात्तिक ।

गत कातिक १७ गते रातीको भूकम्पका कारण घर भत्केका जाजरकोट र रुकुम पश्चिमका धेरैजसो पीडितहरुको यो वर्षको तिहार टहरामै बित्ने भएको छ । कतिपयको अस्थायी आवास बनेको छ। घर पुनःनिर्माण शुरु हुनै सकेको छैन। यसकारण उनीहरूकवर्षको तिहार टहरामै बित्ने निश्चित भएको हो ।

जाजरकोटको रामिडाँडालाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण १५३ जनाको ज्यान मृत्यु भएको छ छ भने दशौं हजारको संख्यामा घरहरू भत्किएका छन् ।

जाजरकोट र रुकुम पश्चिमका अधिकांश परिवार भूकम्पपछि त्रिपालमुनि बसिरहेका छन् । तिहारको मुखमा गएको भूकम्पले उनीहरुको घर मात्रै भत्काएन, चाडपर्वको अवसरमा हुने पारिवारिक जमघट र योजना समेतलाई ध्वस्त पारिदियो ।

भूकम्पका कारण १०१ जनाको ज्यान गएको जाजरकोटमा झन्डै ९ हजार ८०० घर पूर्ण रूपमा क्षति भएको छ । त्यहाँ करिब २५ हजार घरमा आंशिक क्षति पुगेको छ। उक्त जिल्लाका भूकम्प पीडितलाई केही मात्रामा कम्बल ब्ल्याङ्केट, कपडा र पाल वितरण गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी हरिशचन्द्र शर्माका अनुसार करिब ३४ हजार घरधुरी प्रभावित भएको मध्ये २२ हजारले पहिलो चरणमा राहत पाएका छन् ।

चिसो मौसमको जोखिमलाई ध्यान दिँदै जिल्ला प्रशासनले न्यानो कपडाहरू ल्याएर वितरण गर्न दाताहरूलाई आह्वान गरेको छ । साथै राहत सामाग्रीहरू प्राप्त गरिसकेका व्यक्तिहरूलाई पराल लगायत प्रयोग गरी न्यानो बनाएर गोठमा समेत बस्न स्थानीय प्रशासनले अनुरोध गरेको छ ।

रुकुम पश्चिममा भूकम्पका कारण ५३ जनाको निधन भएको छ भने भने १६ हजार ५०० भन्दा बढी घर पूर्ण रूपमा क्षति भएको छ। आंशिक क्षति भएका घरहरूको संख्या करिब १० हजार छ। रुकुम पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडूवालका अनुसार शनिवारसम्म भूकम्प प्रभावित क्षेत्रमा एक चरणको राहत वितरण सकिएको छ। रुकुम पश्चिममा २६ हजार भन्दा बढी घरधुरी बाहिर छन् । >>> पृष्ठ २ मा

## तत्काल अस्थायी आवास बनाइयोस्

प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले भूकम्प पीडितका लागि तत्काल अस्थायी आवासको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ ।

जाजरकोट लगायतका प्रभावित क्षेत्रमा स्थलगत अध्ययनमा गएको समितिले शनिबार सभामुख देवराज घिमिरेलाई प्रतिवेदन बुझाउँदै निर्माण गरी पीडितलाई तत्काल उपलब्ध गराउन भनिएको छ। सरकारले भूकम्प प्रभावित क्षेत्रका घरहरुलाई पूर्ण रुपमा क्षतिग्रस्त र आंशिक भनेर छुट्याउने गरेको छ । >>> पृष्ठ २ मा

## तिहारपछि पुनर्निर्माण

कर्णाली प्रदेश सरकारले तिहारपछि जाजरकोट भूकम्प प्रभावित क्षेत्रमा पुनःस्थापनाका साथै पुनर्निर्माणका काम अघि बढाउने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले भूकम्पका कारण ध्वस्त भएका संरचनाको पुनर्निर्माण सुरु गर्ने निर्णय गरेको हो। प्रदेश सरकारले जाजरकोट र रुकुम पश्चिममा पुनर्निर्माणमा सघाउन सबै निकायसँग अपिल गरेको छ । मन्त्रिपरिषद्का निर्णयबारे जानकारी दिँदै प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री >>> पृष्ठ २ मा

## मेयर निवासमा गृहमन्त्री

*उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ आफैं मेयर निवासमा पुग्नुलाई कतिपयले संविधान अनुसार सहअस्तित्वमा रहेको तीन तहको सरकारले एकले अर्को तहको सरकारलाई सोही रुपमा स्वीकारेको रुपमा लिएका छन् ।*



*तस्बिर : सामाजिक सञ्जाल*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ कात्तिक ।

शनिवार उपपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको निवासमै पुगे । गृहमन्त्री श्रेष्ठ मेयर निवास निवास गैरीगाउँमा गएनन् मात्रै लञ्चसमेत लिएर फर्किए ।

उपप्रधान तथा गृहमन्त्री श्रेष्ठ आफैँ मेयर निवासमा पुग्नुलाई कतिपयले संविधान अनुसार सहअस्तित्वमा रहेको तीन तहको सरकारले एकले अर्को तहको सरकारलाई सोही रुपमा स्विकारेको रुपमा लिएका छन् ।

अझ पारिवारिक हार्दकता झल्किने गरी उपपप्रधान तथा गृहमन्त्री श्रेष्ठ र काठमाडौं महानगरपालिकाका प्रमुख बालेनको फोटो सार्वजनिक भएको छ । फोटोमा गृहमन्त्री श्रेष्ठ स्वकीय सचिव सुशन कर्माचार्य र बालेन पत्नी सबिना पनि छन् । फोटोमा मन्त्री श्रेष्ठकी स्वकीय सचिव कर्माचार्यले बालेनकी छोरी लिएकी छिन् । >>> पृष्ठ २ मा

## आज कुकुर तिहार र लक्ष्मी पूजा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ कात्तिक ।

नेपालीहरुको चाड तिहार अन्तर्गत आज कुकुर तिहार र लक्ष्मी पूजा । सामान्यतया यमपञ्चकको दोस्रो दिन कुकुर तिहार र तेस्रो दिन लक्ष्मी पूजा पर्छ। तर यस वर्ष तिथि घटबढका कारण कुकुर तिहार र लक्ष्मी पूजा एकै दिन परेको हो ।

आइतबार बिहान नदी, तलाउ वा धारामा गई स्नान गरेर सालका पातमा यमदीप दक्षिण दिशामा फर्काई बालेर बगाउने गरिन्छ । यसरी नरक बगाएमा नरक जान नपर्ने शास्त्रीय मान्यता छ ।

इमान्दारीपूर्वक घरको पहरेदारको रुपमा खटिने कुकुरलाई पूजा गरेर मिठा खानेकुरा खान दिएमा यमलोकको यात्रा गर्दा बाटोमा अवरोध नहुने धार्मिक विश्वास छ । आइतबार साँझ ऐश्वर्य, धन धान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजाआराधना गरी श्रद्धा भक्तिपूर्वक लक्ष्मीपूजा पर्व मनाइन्छ । सन्ध्याकालमा लक्ष्मीपूजा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस्, लक्ष्मी र धनधान्यको आगमन होस्' भनी कामना गर्ने >>> पृष्ठ २ मा

### भाइटीकाको उत्तम साइत बुधबार बिहान १० बजेर ५१ मिनेट

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार यस वर्षको भाइटीकाको उत्तम साइत कार्तिक २९ गते बुधबार १० बजेर ५१ मिनेट रहेको छ ।

साइत खोज्नेहरुका लागि सो समय उत्तम भएपनि भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## पाठ्यक्रमदेखि सीप परीक्षणसम्मका लागि प्रतिष्ठान

**काठमाडौं/रासस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन गरेको छ। मन्त्रालयले दक्ष, प्रतिस्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न/गराउन समिति गठन गरेको हो ।


यही कात्तिक २३ गते बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताअनुरूप दक्ष, प्रतिस्पर्धी सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न/गराउनका लागि उक्त समिति (गठन) आदेश २०८० स्वीकृत गर्ने निर्णय गरेको थियो ।

उक्त प्रतिष्ठानमा एक अधिकार सम्पन्न सञ्चालक समिति रहने र प्रतिष्ठानको प्रशासकीय प्रमुखका रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था रहेको मन्त्रालयलका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रतिष्ठानलाई श्रम बजारको मागबमोजिमको प्रशिक्षणको विषय पहिचान र छनोट गर्ने, पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने, प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने/गराउने जिम्मेवारी दिइएको छ ।

साथै बाह्य तालिम प्रदायक संस्थाको दर्ता, आवद्धता, सूचीकरण, अनुगमन निर्देशन र आवश्यक समन्वय तथा नीतिगत व्यवस्था गर्ने, >>> पृष्ठ २ मा

### डा. गुरुङको संयोजकत्वमा विज्ञ समिति



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार, सामाजिक सुरक्षा, रोजगारीको अवसरलगायतका विषयमा अध्ययन गर्न श्रम विज्ञ डा. गणेश गुरुङको संयोजकत्वमा एक समिति गठन गरेको छ ।

समितिमा डा. केशव बस्याल, मञ्जु गुरूङ, प्रतिमा शर्मा र जुना माथेमा सदस्य रहेका छन्। श्रम मन्त्रालयको प्रशासन शाखाका >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२६ कात्तिक २०८०, आइतबार
12 November 2023, Sunday

# कांग्रेस महामन्त्रीद्वयले बुझाए प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र



**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले भूकम्प प्रभावित क्षेत्रबाट फर्किएपछि जरुरी सुझावसहित प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराएका छन्। भूकम्पबाट ठूलो जनधनको क्षति भएको क्षेत्र जाजरकोट र रूकुम पश्चिमबाट फर्किएपश्चात् महामन्त्रीद्वयले शनिबार नागरिकको अपेक्षा र आफ्ना सुझावसहित प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएका हुन्।

राहत वितरणको जारी क्रमलाई थप व्यवस्थित गर्न जरुरी देखिएको उल्लेख गर्दै महामन्त्रीद्वय थापा र शर्माले 'नेतृत्व स्थानीय सरकारको, सहकार्य सर्वदलीय संयन्त्रको' नीतिलाई हरेक वडा तहसम्म कार्यान्वयन गर्न/गराउन सुझाव दिएका छन्।

चिसो बढ्दै गएको तथा सुत्केरी, बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका नागरिकलाई चिसोले थप कष्टकर अवस्थामा पुऱ्याउने हुँदा मङ्सिर मसान्तसम्ममा सबैका लागि अस्थायी आवास निर्माण गरिसक्न युद्धस्तरमा काम अघि बढाउन जरुरी रहेको भन्दै उनीहरुले ध्यानाकर्षण गराएका छन्।

समग्र पुनःनिर्माण कार्य सक्न वर्ष दिन या सोभन्दा बढी समय लाग्नसक्ने व्यावहारिक स्थिति दृष्टिगत गरेर व्यक्तिको अस्थायी आवास युद्धस्तरमा निर्माण गर्न सरकारले आज भोलि नै प्रत्येक प्रभावित परिवारलाई न्यूनतम् रु ४० हजारका दरले रकम उपलब्ध गराउने निर्णय गर्न र तिहारलगत्तै सम्बन्धित परिवारको हातमा पुग्ने बन्दोबस्त मिलाउन महामन्त्रीद्वय थापा र शर्माले प्रम दाहाललाई आग्रह गरेका छन्।

अस्थायी आवास निर्माण गर्न स्वयं सक्षम परिवारबाहेकको हकमा पनि हजारौँ स्वयंसेवी परिचालन गर्नुपर्ने र यसका लागि सरकारले आफ्नो सुरक्षा संयन्त्र परिचालनका साथै राजनैतिक दल, तिनका भ्रातृ संगठन एवं विभिन्न संघसंस्थालाई आह्वान गर्न जरुरी रहेको उनीहरुको भनाइ छ।

कांग्रेसले यो अभियानमा पीडित र सरकारका साथमा रहेको र पहिलो चरणमा एक हजार अस्थायी आवास स्वयंसेवी दक्ष जनशक्तिका साथ निर्माणका लागि श्रमदान गर्ने जानकारी गराएको छ।। अस्थायी आवास कम्तिमा एउटा जाडो र एउटा वर्षा झेल्नसक्ने गरी निश्चित मापदण्डका आधारमा बलियो बनाउन जरुरी रहेको तथा यसका लागि हरेक वडामा सुरुमा एउटा नमुना घर बनाउन र अन्य घर बनाउँदा त्यसलाई अनुकरण गर्नुपर्ने महामन्त्रीद्वय थापा र शर्माको सुझाव छ।

प्रभावित क्षेत्रबाट काठमाडौँ फर्किनुअघि महामन्त्रीद्वय थापा र शर्माले भिन्न दुई पालिकामा दुई नमुना घर बनाएर पीडितलाई हस्तान्तरणसमेत गरेका छन्। यसबारे अवगत गराउँदै महामन्त्रीद्वयले अन्य 'मोडल' को निर्माणसँगै ११ जनाको समूहले छ घण्टामा ४० हजारभन्दा कम रकममा बनाउन सकिने ती दुवै घर नमुनाका लागि उपयुक्त हुनसक्ने प्रधानमन्त्री दाहाललाई सुझाव दिएका छन्।

भूकम्प प्रभावित क्षेत्रमा आंशिक क्षतिग्रस्त भनिएका/देखिएका घरमध्ये केही बाहेक प्रायः बस्न मिल्ने अवस्थामा छैनन्। यसरी हेर्दा भूकम्प प्रभावित क्षेत्रमा ठूलो संख्यामा सुरक्षित र सम्मानजनक ढंगले बस्न मिल्ने आवास बनाउनुपर्ने सुझाव दिँदै महामन्त्रीद्वय थापा र शर्माले यसका लागि २०७२ सालमा झैँ निश्चित रकम सबैलाई सरकारले उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन्। आफ्नो रुचिको आकारमा निर्माण गर्न चाहनेका लागि बैंकिङ प्रक्रियामार्फत सफ्ट लोनको सहजीकरण गर्ने निर्णय सरकारले गर्नुपर्नेमा उनीहरुले माग गरेका छन्।

# राहत सामग्रीसहित उपप्रधानमन्त्री खड्का रुकुम पश्चिममा




**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्काले भूकम्प प्रभावित क्षेत्रका सबै पीडितलाई राहत सामग्री उपलब्ध गराउने काम भइरहेको बताएका छन्।

भूकम्पपीडित परिवारका लागि राहत लिएर शनिबार रुकुम पश्चिम पुगेका उपप्रधानमन्त्री खड्काले भूकम्प प्रभावितले समयमै राहत नपाएको विषयमा सरकार गम्भीर भएको उल्लेख गर्दै आइतबारसम्म सबै पीडितलाई राहत सामग्री पुऱ्याउने बताए। करिब एक हजार दुई सय परिवारलाई पुग्ने त्रिपाल लिएर उनी शनिबार प्रभावित क्षेत्रमा पुगेका हुन्।

उपप्रधानमन्त्री खड्काले रूकुम पश्चिम पुऱ्याएको त्रिपालमध्ये जाजरकोटको भेरी नगरपालिका, रूकुम पश्चिमको चौरजहारी नगरपालिका र मुसिकोट नगरपालिकामा पाँच/पाँच सय तथा सल्यानको बाँफीकोट गाउँपालिकामा दुई सय ९२ र सल्यानकै त्रिवेणी गाउँपालिकामा पाँच सय वटा वितरण गरिनेछ।

यही कात्तिक १७ गते जाजरकोट केन्द्र भई भूकम्प गए यता उपप्रधानमन्त्री खड्का भूकम्प प्रभावितको उद्धार र राहतमा सक्रिय छन्। स्थानीय तह र प्रशासन र प्रदेश सरकारसँग समन्वय गर्दै राहत अपुग स्थानमा क्षेत्रमा स्थल र हवाईमार्गमार्फत उनी राहत वितरण कार्यमा केन्द्रित छन्।

# गम्भीरे नेपाली ५ महिनापछि फर्किए आफ्नै घर



शिवजी मण्डेल/मध्यान्ह
बझाङ, २५ कात्तिक

बझाङको केदारस्युँ गाउँपालिका १ चौडामका गम्भीरे नेपालीले ५ महिनापछि आफ्नै घर फर्किए। सेतीनदिले केदारस्युँ गाउँपालिकाको देउरा र थलारा गाउँपालिकाको रेगम जोड्ने अस्थायी रुपमा निर्माण गरिएको काठेपुल असारमा बगाएपछि थलारा गाउँपालिका १ मजुवामा अरुको घरमा बस्दै आएका नेपाली बिहीबार आफ्नै घर फर्किएका हुन्।

उमेरले ७७ वर्ष कटेका नेपाली गत असारयता नत देउरा बजार आउन पाएँ, नत आफ्नो घर चौडामा नै पुग्न पाएँ। अहिले अस्थायी रुपमा आवत-जावतका लागि काठेपुल निमार्ण गरिएपछि नेपाली घर फर्किने बेला पुलमा भेटिए। 'सेतीले पुल बगायापछि घरझान पायागो छ्यान, आज पुल बनाई सग्यो, तब घर झान्लाग्या छु' उनले भने,'पाँच महिनासम्म मुइले औषधी पनि किन्न पायान, नइ अस्पताल झान् पाया, कसरी ब बाच्या।'

पाँच महिनासम्म अरुको घरमा बसेका नेपाली घरमा एक्लै बस्न रुचाउँदैनन्, तर सेतीले पुल बगाइ दिएपछि घरमै बस्नु परेको थियो।

फेरि उनले भने,'एग्लै घरौउडो बुस्नाई बिछ्यान लाग्दी छ, कइलै देउरा झानी छ्या पुल बगायो। ता पछि घर झानु रे बसिरान देउरा झानु रोक्यो।'

उनी मजुवामा अरुको घरमा भाँडा तिरेर बस्दै आएका बताइएको छ। सेती नदीमा अस्थायी रुपमा निर्माण गरिएको काठेपुलले नेपालीलाई मात्रै होइन केदारस्युँ, थलाराबासी र छिमेकी जिल्ला डोटीका नागरिकलाई आवतजावत गर्न सहज भएको छ।

पुल निर्माण गरेर बिहीबारदेखि सञ्चालनमा आए पश्चात् पाँच महिनादेखि देउरा बजार आउन नपाएका नागरिक बजार आउन थालेका छन्।

थलारा गाउँपालिका १ छिमेकी जिल्ला डोटीका अधिकांश नागरिकको मुख्य बजार देउरा हो।

२०७८ सालको कात्तिकमा परेको अविरल वर्षासँगै सेतीनदिमा आएको पानीले केदारस्युँ गाउँपालिकाको देउरा र थलारा गाउँपालिकाको रेगम जोड्ने झुलुङ्गे पुल बगाएको थियो। त्यसपछि हरेक वर्षको पाँच महिनासम्म सेती नदी वारपार ठप्प हुन्छ।

पुल बगाएको तीन वर्ष बितिसक्दा समेत अहिलेसम्म झुलुङ्गे पुल निर्माण नभएको भन्दै धेरैले सामाजिक संजालमा आलोचना समेत गरेका छन्।

तर पुल निर्माणको लागि ठेक्का सम्झौता भइसकेको थलारा गाउँपालिकाले जनाएको छ। ठेक्का सम्झौता भएको ७/८ महिना बितिसक्दा पनि निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले अहिलेसम्म निर्माण कार्यको सुरुवात पनि गरेको छैन।

बर्खायाममा सेती नदीमा पानीको बहाव बढ्ने भएकाले काम नगरिएको र अब तिहारपछि काम शुरु हुने बताइएको छ।

# बिचौलियाले अस्पताललाई बद्नाम गरिरहेका छन् : मन्त्री बस्नेत



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अस्पताल भित्रकै विचौलियाले अस्पताललाई बदनाम गरिरहेका बताएका छन्।

वीर अस्पताल सरसफाइ अभियानको शनिबार शुभारम्भ गर्नुहुदै मन्त्री बस्नेतले अस्पतालको तलब खाने तर व्यक्तिगत स्वार्थ पूरा नभएपछि अस्पताललाई नै गालीगलौज गरी बद्नाम गर्ने, सञ्चारमाध्यममा गलत समाचार लेखाउन लगाउने अस्पताल भित्रैकै विचौलिया भएको बताए।

उनले भने, 'केही स्वार्थी कर्मचारी र विचौलियाले अस्पतालको बद्नाम गरिरहेका छन्। उनीहरुले आफ्नो स्वार्थ पूरा गर्न केही कर्मचारीलाई उचालिरहेकाले यसतर्फ सबै सजक रहन जरुरी छ।'

कार्यक्रममा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालका उपकुलपति प्रा.डा.भूपेन्द्र बस्नेतले तिहारका बेला अरु ठाउँ सफा सुग्घर र झिलीमिली बनाए जस्तै अस्पतालमा पनि सरसफाइ अभियानको सुरुआत गरिएको बताए। यो कार्यले निरन्तरता पाउने उनको भनाइ थियो। वीर अस्पतालका निर्देशक डा.सन्तोष पौडेलले विभिन्न समूह बनाएर अस्पताल सरसफाइ अभियान थालिएको जानकारी दिए। सरसफाइ अभियानमा न्याम्सका पदाधिकारी, विभागीय प्रमुख, चिकित्सक, कर्मचारीलगायत सहभागी थिए।

# मोही अभियानमा पूर्वराष्ट्रपति भण्डारीको साथ



**काठमाडौं/मस–** काठमाडौं बुढानीलकण्ठ नगरपालिकाको परिसरमा प्रत्येक शनिबार लाग्ने स्थानीय/रैथाने कृषि बजारमा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले परम्परागत तरिकाले ठेकीमा तुल्याउँदै गरेको मोही सेवन गर्दै अवलोकन गरेकी छन्।

उनको उपस्थितिले स्थानीय किसान, उपस्थित उपभोक्ता तथा मेलामा उपस्थित सबैलाई हौसला प्रदान भएको थियो। कार्यक्रममा बोल्दै पूर्व राष्ट्रपति भण्डारीले स्टल राख्ने सम्पूर्ण स्थानीय/रैथाने किसान एवं व्यवसायी, उपभोक्ता, सञ्चारकर्मी तथा कार्यक्रममा सहकार्य गर्ने सबैलाई हार्दिक धन्यवाद दिँदै हाम्रो पहिचान नै रैथाने र हाम्रो रितिरिवाज, परम्परा र संस्कृतिमा रहने बताउँदै सबैलाई आफ्नो पहिचान बचाउन आग्रह गरिन्।

नेपाल डेरी एसोसिएशनले शुरु गरेको मोही अभियानमा पूर्व राष्ट्रपति उपस्थित भई प्रत्यक्ष अवलोकन गरी मोहि सेवन गरेकोमा आफूले शुरु गरेको अभियान सार्थक भएको एसोसिएशनका अध्यक्ष प्रल्हाद दाहालले बताए।

मेलामा स्थानीय तहमा उत्पादन गरिएका सामग्री बिक्रीका लागि राखिएको थियो। यो मेलाले स्थानीय तहमा हिजो गाउँघरमा बसि हाल शहरमा आई बस्ने आम मानिसलाई आफ्नो गाउँघरमा हिजो आफूले खेतबारीमा उब्जाएको सागसब्वी र अन्य बस्तुको सम्झना दिलाएको कुरा नेपाल डेरी एसोसिएसन बागमती प्रदेशका अध्यक्ष टिका प्रसाद घिमिरेले बताए। कार्यक्रममा बुढानिलकण्ठ नगरपालिका र आसपास बसोबास गर्ने स्थानीय बुद्धिजीवी, राजनीतिक दलका नेता, पत्रकार, आम नागरिकको बाक्लो उपस्थिति रहेको थियो।

### भूकम्पले...

उनीहरुमध्ये अधिकांशलाई पालको व्यवस्था भएको छ। सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडूवाल चाडपर्वको समय भएता पनि अवस्था हेरेर भूकम्प पीडितका भत्किएका संरचनाको निर्माणका लागि राहत र क्षतिपूर्ति दिनेबारे छलफल चलिरहेको र आवश्यकताका आधारमा काम समेत भइराखेको बताउँछन्।

सरकारले एक वर्षभित्र पुनर्निर्माणको काम सक्ने भनेकाले त्यसअनुसार जनशक्ति परिचालित हुने र चाडपर्वको समयमा हुने जमघटलाई पुनर्निर्माणको लागि जनशक्तिको रुपमा परिणत गर्ने योजना समेत आफूहरुको रहेको सरकारी अधिकारीहरुको भनाई छ।

नेकपा एमालेले तिहार लगत्तै एमाले भूकम्प प्रभावित क्षेत्रमा सुरक्षित आवास निर्माणमा जुट्ने भनेको छ। एमालेको केन्द्रीय निर्णय अनुसार देशभरबाट स्वयंसेवक जाजरकोट र रुकुम पश्चिम जानेछन्। उक्त कामलाई सफल बनाउन एमाले जिल्ला कमिटी जाजरकोट र रुकुम पश्चिमले नेतृत्व लिँदैछन्। मंसिर १ गते देखि परिचालन हुने स्वयमसेवकलाई परिचालन गर्न वडा तह सम्म संयोजक सहित बढीमा ४ सदस्य समिति बनाउने एमालेको निर्णय छ।

### तत्काल...

राज्य व्यवस्था समितिले भने बस्न मिल्ने र नमिल्ने भनेर हेर्न सुझाव दिएको छ।

तिहारलगत्तै अस्थायी टहराहरु निर्माण गरेर भूकम्प प्रभावितहरुलाई राख्नुपर्ने भन्दै समिति सभापति रामहरि खतिवडाले भनेका छन्, 'त्यसको ५/६ महिना पछाडि सरकारले भूकम्प प्रतिरोधात्मक घरहरु निर्माण गर्नका लागि पहल गरोस्।' खतिवडाका अनुसार समितिले मृतकका सबै परिवारलाई राहत दिने काममा पनि ढिलाइ नगर्न सरकारलाई भनेको छ।

### तिहारपछि...

कृष्णबहादुर जिसीले स्थायी आवास निर्माणको लागि आवश्यक स्रोतसाधन र जनशक्तिको व्यवस्था सङ्घीय सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको जानकारी दिए। कार्यविधि बनाएर पुनर्निमाणका काम थालिने जानकारी उनको भनाइ छ।

भूकम्पमा ज्यान गुमाएकाका परिवारलाई दुई लाख रुपैयाँ र घाइतेहरुको उपचारका लागि तत्काल रकम उपलब्ध गराउने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

### मेयर...

मेयर बालेनले यही कातिक १५ गते बुढानिलकण्ठको एउटा रिसोर्टमा आयोजित उपत्यका मेयर्स फोरमको मासिक बैठक बहिष्कार गरेका थिए। उपत्यकाका अन्य १७ वटा नगरपालिकाले निजी कम्पनीबाट पैसा खाएर बैठक राखेको भन्दै उनले बैठक बहिष्कार गरेपछि त्यसबारे समाजमा टिकाटिप्पणी भए।

प्रत्येक महिना बस्ने उपत्यका मेयर्स फोरमको बैठकमा हरेकचोटि विभिन्न एजेन्डामाथि छलफल हुन्छ। बैठकमा छलफल हुने एजेन्डा मेयर्स फोरमको सचिवालयले तय गर्छ। त्यसैअनुरूप बैठकमा उपत्यकाको फोहोरमैला व्यवस्थापनबारे छलफल गर्ने र फोहोर व्यवस्थापनको ठेक्का पाएको निजी कम्पनी नेपवेस्टले प्रस्तुति दिने एजेन्डा तयार गरिएको थियो। नेपवेस्टले सम्झौताअनुरूप काम नगरेको हुँदा ठेक्का रद्द गर्न नेपाल सरकारसँग आग्रह गर्ने निर्णय अघिल्लो बैठकले गरेको थियो। यसका लागि नेपाल सरकारलाई पत्रसमेत लेखेको थियो।

फेरि त्यही विषयमा छलफल भएको भन्दै मेयर शाहले बैठक बहिष्कार गरेका थिए। यो चर्चाको पृष्ठभूमिमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी र काठमाडौँ महानगरपालिका प्रमुख बालेनबीच भेटवार्ता भएको हो।

साथै, केही समयअघि मेयर शाहले श्रीमती सबिना चढेको गाडी प्रहरीले रोकेको भनी सामाजिक सञ्जालमा आक्रोश पोखेका थिए। सामाजिक सञ्जालमार्फत उनले संघीय सरकारलाई 'चोर'को उपमा दिएका थिए। साथै, सिंहदरबार जलाइदिने उनको भाषाको चौतर्फी आलोचना भएपछि मेयर शाहले उक्त पोष्ट हटाएका थिए।

### आज...

शास्त्रीय विधि रहेको छ। सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने मान्यताका आधारमा आज बिहानै घर सफासुग्घर र गाईको गोबर एवं रातोमाटोले लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ।

विशेषगरी घरका झ्याल, ढोका, चोटा, कोठा, सँघार, कौसी, अटाली, भऱ्याङलगायत स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ। सुखरात्रिको पूजाका लागि आज साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबीरले लक्ष्मीको पाइला बनाई उनी आउने बाटो देखाइन्छ।

दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीको पूजाआरधना गरिन्छ।

लक्ष्मीपूजापछि कन्या र छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन छ। आज घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ।

साँझ युवतीहरु समूह बनाई घरघरमा भैलो खेल्छन्। भगवान विष्णुले यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान बलिराजालाई दिएको र वरदान पाएका बलिराजाले भलो होस भनी घरघरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको हो। 'भलो होस्' भन्ने शब्द समयक्रममा अपभ्रंश भई भैलो हुन आएको बताइन्छ। भैलो खेल्न आउनेलाई धान, चामल, फूलमाला, पैसा र सेलरोटी दिइन्छ। भैलो खेल्न आउनेलाई दिइने दान कात्तिकको दान भएकाले नदिएमा राम्रो नहुने र दिएमा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ।

लक्ष्मीपूजाका अवसरमा शहर बजारमा दीपावली गरी झिलीमिली बनाइन्छ। कुल परम्परानुसार कतै बिहान गाईको पूजा गर्ने प्रचलनसमेत छ। शास्त्रीय रुपमा भने औंसीपछि कार्तिक शुक्ल प्रतिपदा लागेपछि मात्र गाईपूजा गर्नुपर्ने उल्लेख गरिएको छ।

### भाइटीकाको...

टीका लगाउन शुभ रहने समितिले जनाएको छ। यस वर्षको यमपञ्चक अर्थात, तिहार कात्तिक २५ गते शनिवारदेखि शुरु भएको हो। आज (२६ गते) कुकुर तिहार र लक्ष्मी पूजा परेको छ भने, २७ गते गाई तिहार, २८ गते गोवर्द्धन पूजारम्हः पूजा, २९ गते भाइटीका परेको छ। भाइटीका लगाएपछि तिहारको समापन हुन्छ।

### पाठ्यक्रमदेखि...

प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर्राष्ट्रिय संघसंस्थाबाट मान्यता दिलाउन आवश्यक व्यवस्था मिलाउने, स्वदेशी रोजगारदाता कम्पनी, गन्तव्य मुलुक, तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षणको आवश्यक व्यवस्था मिलाउनेसम्मको अधिकार प्रतिष्ठानलाई छ।

यस प्रतिष्ठानबाट आगामी दिनमा छ महिना अवधिसम्मको व्यवसायी र सीपमूलक तालिम सञ्चालन गरिनेछ। यस प्रयोजनका लागि पाठ्यक्रम तयार गर्ने, सीपमूलक तालिम सञ्चालन गर्ने सीपको परीक्षण गर्ने र प्रमाणपत्र जारी गर्ने कार्यसमेत यो प्रतिष्ठानबाट गरिने प्रावधान राखिएको छ। मन्त्रिपरिषद् बैठकबाट स्वीकृत उल्लेखित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० राजपत्रमा प्रकाशित गरी लागू गरिने मन्त्रालयले जनाएको छ।

### डा. गुरुङको...

उप-सचिवले सदस्य सचिवको जिम्मेवारी बहन गर्ने बताइएको छ। संयोजक तथा समिति सदस्यहरूले मन्त्रालयबाट आधिकारिक पत्र पाउनभने बाँकी रहेको छ।

समितिले श्रम आप्रवासनका विभिन्न चरणमा गर्नुपर्ने सुधारका लागि प्रतिवेदन दिने कार्यादेश रहेको छ। समिति अन्तर ाष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर ाष्ट्रिय आप्रवासन संगठन (आईओएम), रिटर्नी कामदारको नेटवर्क, वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थालाई आमन्त्रित सदस्यको रूपमा हैसियतमा राखिएको बताइएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६७/०५/१८ मा दर्ता भएको **प्रा.लि. नं. ७५७५३** को **सस्मिक मनि ट्रान्सफर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GARDINIA BUILDING CONTRACTING L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०७/२४ चलानी नं.: ६०२१००३१ LT. No.: 294962

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 50 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 3. | Concrete Mason | 50 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 5. | Steel Fixer | 30 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 6. | Tile Layer | 25 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 7. | Building Labourer | 200 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |
| 8. | Brick Layer | 250 | 0 | | 1100 | ३९,८४२ | | | | | | | |

| अन्तर्वार्ता हुने मिति : | अन्तर्वार्ता हुने स्थान : | मोवाइल |
|---|---|---|
| २०८० मंसिर ३ र १२ गते (19 & 28 Nov. 2023) | झापा प्राबिधिक शिक्षालय, बिर्तामोड | 9801452351 |
| २०८० मंसिर ४ गते (20 Nov. 2023) | अक्टोपस ट्रेनिङ सेन्टर, दमक | 9801715712 |
| २०८० मंसिर ५ गते (21 Nov. 2023) | सुनसरी मल्टीपल ट्रेनिङ सेन्टर, इटहरी | 9817340294 |
| २०८० मंसिर ६ र १४ गते (22 & 30 Nov. 2023) | सान ट्रेनिङ सेन्टर, जनकपुर | 9801673549 / 9801673550 |
| २०८० मंसिर ७ र १५ गते (23 Nov. & 1 Dec. 2023) | (बि.एम./न्यू राम जानकी/सिबम ट्रेनिङ सेन्टर) | |
| २०८० मंसिर ८ गते (24 Nov. 2023) | बाजेके सेकुवा, पोखरा | 9802850001 / 9802850003 |
| २०८० मंसिर १० र १७ गते (26 Nov. & 2 Dec. 2023) | तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवल | 9857043161 |
| २०८० मंसिर ११ गते (27 Nov. 2023) | गजराज ट्रेनिङ सेन्टर, नेपालगंज | 9848042675 |
| २०८० मंसिर ११ र १६ गते (27 Nov. & 2 Dec. 2023) | रेडकार्पेट होटल, चितवन | 9855064978 |
| २०८० मंसिर १३ गते (29 Nov. 2023) | मुनाल ट्रेनिङ सेन्टर, इटहरी | 9803727571 / 9817340294 |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
SAAN NEPAL Pvt.Ltd.
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077, 9801088616, 9801088617, 98010886 18
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

# भूकम्प पीडितको नियति : त्रिपाल कुर्दाकुर्दै पर्‍यो पानी, थपियो समस्या

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ कात्तिक



जाजरकोट भूकम्पपछि घरबासविहीन भएका प्रभावित खुला चौरमा त्रिपाल र खाद्यान्न कुरिरहेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिले भूकम्प पीडितलाई पुग्ने गरी राहत सामग्री पठाएको दाबी गरे पनि सबै भूकम्प पीडितले पाउन सकेका छैनन् । कसैले एउटा त्रिपाल नपाएको अवस्थामा कसैलाई दुई/दुई पटकसम्म दिएको पाइएको भेरी नगरपालिका-३ का रामकली थापाले गुनासो गरिन् ।

सदरमुकाम खलङ्गामा कोठा भाडामा लिएर बस्नेहरु पनि समस्यामा परेका छन् । उनीहरुले राहत नपाएको गुनासो गरेका छन् । चिसो बढ्न थालेको छ । त्रिपालबिना खुला चौरमा बसिरहेका पीडितलाई रुघाखोकी र ज्वरोले सताउन थालेको नलगाड नगरपालिका-८ का रामप्रसाद खत्रीले बताए ।

बारेकोट गाउँपालिका-१ धौलाकोटमा पनि राहत सामग्री पुग्न सकेको छैन । बारेकोट चिसो ठाउँ हो । स्थानीय हरिबहादुर थापाले भूकम्प पीडितमा चिसोका कारण ज्वरो र झाडापखाला देखिन थालेको जानकारी दिए । भूकम्पको केन्द्रबिन्दु रामीडाँडादेखि धौलाकोट नजिकैको गाउँ हो । तर अहिलेसम्म सबैलाई पुग्ने गरी त्रिपाल पुगेको छैन ।

बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले राहत पर्याप्त नभएको र सबैले नपाएको स्वीकार गरे । उनका अनुसार बारेकोटमा अझै एक हजार सात सय थान त्रिपाल अपुग छ । नलगाड नगरपालिकामा पनि सबैलाई राहत पुगेको छैन । नगरपालिकाको वडा नम्बर १ देखि ७ सम्म राहत वितरण गरिए पनि वडा नम्बर ८ देखि १३ का बासिन्दाले राहत सामग्री पाएका छैनन् ।

प्रभावकारीरुपमा अनुगमन तथा निरीक्षण नगरेको र आफूहरु थप पीडित भएको प्रभावितको गुनासो छ । भूकम्पका कारण नलगाड-८ का सबै घरमा क्षति पुगेको छ । बतासे चिउरी बर्मा वन सामुदायिक संस्थाका सचिव जयबहादुर खत्रीका अनुसार बाहिरबाट हेर्दा सग्लो घर देखिए पनि बस्न लायक कुनै पनि घर छैनन् ।

शनिबार बिहान परेको पानीले प्रभावितलाई थप समस्या भएको छ । भूकम्पले चिराचिरा पारेको घर ठूलो पानी परे भत्कने चिन्ता पनि थपिएको छ । गएको शुक्रबार राति जाजरकोटको बारेकोट रामीडाँडा केन्द्रबिन्दु भएर ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प गएको थियो ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्रका अनुसार भूकम्पले जाजरकोट, रुकुम पश्चिमसहित १३ वटा जिल्लामा २६ हजार ५ सय ५७ घरमा पूर्णरुपमा र ३५ हजार ४ सय ५५ घरमा आंशिकरुपमा क्षति पुगेको छ । सरकारले तिहार लगत्तै भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणको काम थाल्ने तयारी गरेको छ ।

# भगवानपुरमा जसपाको शुभकामना आदान प्रदान

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, २५ कात्तिक



जनता समाजवादी पार्टी नेपाल (जसपा)ले शुभकामना आदान प्रदान कार्यक्रम सप्पन्न गरेको छ । सिरहाको भगवानपुर गाउँपालिका-४ ठाडीमा निर्माणाधीन वडा कार्यलयको प्राङ्गणमा भएको जसपा नेपाल गाउँ समिति भगवानपुरले एक कार्यक्रमको आयोजना गर्दै दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सप्पन्न गरेको हो ।

शुक्रबार जसपा नेपाल गाउँ समिति भगवानपुरका अध्यक्ष चनरविर यादवको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा प्रदेश सांसद राजु प्रसाद गुप्ताको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रदेश सांसद ललिता विद्रोही, जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतोको विशिष्ट आतिथ्यता, विभिन्न राजनीतिक दलका नेता तथा जसपा नेपालका कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गुप्ताले संघीयता र समावेशी खारेज भए लोकतन्त्र खतरामा पर्ने बताए । संघीयता कार्यान्वयन गर्नका लागि प्रदेशलाई अधिकार सम्पन्न बनाउन जरुरी रहेको बताए । उनले भने, 'हामीलाई अधिकार, सुशासन, प्रशासन आफ्नो चाहियो, संघीय सरकारले पठाएका प्रशासन हामीलाई चाहिँदैन । संघीयताको अर्थ केन्द्रमा साझेदारी, प्रदेशमा आफ्नो शासन, प्रशासन हो, तबमात्र अधिकार सुरक्षित हुन्छ ।' आफ्नो सम्बोधन अन्त्य गर्दै उनले दीपावली तथा छठ पर्वको शुभकामना व्यक्त गरे ।

कार्यक्रमलाई समापन गर्दै सभापति चनरवीर यादवले दीपावली तथा छठ पर्वको शुभकामना व्यक्त गरे । उनले अमूल्य समय दिएर कार्यक्रमलाई सफल बनाइदिएकोमा उपस्थित सम्पूर्णमा धन्यवाद व्यक्त गरे । कार्यक्रमको उद्घोषक बबलेश मण्डल (बिष्णुदेव मण्डल) रहेका थिए ।

# शान्ति बाटिकामा 'काग' सम्मेलन



**काठमाडौं/मस–** प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि शुरु हुने यमपञ्चक अर्थात् तिहारको पहिलो दिन काग तिहारको अवसरमा काग सम्मेलन गरिएको छ । एक सय ७३ जीवजनावर तथा चराचुरुङ्गीको आवाज निकाल्ने कलाकार रमेश दुलाल 'कागे'ले शनिबार काठमाडौंको शान्ति बाटिकामा आयोजित पत्रकार सम्मेलनमा कागको आवाज निकालेर काग बोलाउँदै 'बीसौं काग सम्मेलन' सम्पन्न गरे ।

कलाकार दुलाले १९ वर्षदेखि यसरी नै काग सम्मेलन गरिरहेको जानकारी दिए । उनले भने, 'विशेषगरी तिहारको परम्परालाई जोगाइराखौं र सकारात्मक सन्देश प्रवाह गरौं भन्ने उद्देश्यले हरेक वर्ष काग सम्मेलन गरिरहेको छु । यसलाई आउँदो वर्षमा पनि निरन्तरता दिनेछु ।'

बिहान गरिएको सम्मेलनमा करिब ४० मिनेटसम्म उनले बोलाएको काग एकै ठाउँमा झुम्मिएका थिए । यद्यपि अघिल्ला वर्षहरूमा जस्तो कागको संख्या नरहेको कलाकार दुलालले बताए । उनले सम्मेलनको सुरुवात पश्चिम धनगढीबाट शुरु गरेका थिए । दाङ र इलाममा केही वर्ष काग सम्मेलन गरेपछि काठमाडौंमा गर्न थालिएको उनले जानकारी दिए ।

'सपनामा काग कराएको देखेपछि मैले आवाज निकाल्न शुरु गरेको हुँ । त्यसपछि काग तिहारमा सम्मेलन गर्ने गरेको छु', कलाकार दुलालले भने । पशुपक्षीको आवाज मात्र होइन उनी वाद्यवादनयन्त्र मादल, सनइ, सारङ्गी, पियानो, दमाहा, मुर्चुङ्गा, गितारको धुनसमेत निकाल्छन् । गाई, भैंसी र अन्य चराचुरुङ्गीको आवाज दुरुस्तै निकाल्ने भए पनि कलाकार दुलाल 'काग'को आवाज निकाल्ने व्यक्तिका रूपमा परिचित छन् । राष्ट्रिय संगीतकर्मी संघको आयोजना र ह्याम्स हस्पिटल काठमाडौं र सन्दकपुर गाउँपालिका इलामको सहआयोजना सम्मेलन गरिएको थियो ।

# डोल्पामा चिसो बढ्यो



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २५ कात्तिक

हिमाली जिल्ला डोल्पामा मौसम परिवर्तनसँगै चिसो बढ्न थालेको छ । डोल्पाको उत्तरीक्षेत्र र उप्पर डोल्पा आसपासका लेकमा हिउँ परेपछि सदरमुकाम दुनै, त्रिपुराकोट, जुफाल बजारसहित उत्तरी क्षेत्र डोल्पोबुद्ध, छार्का ताङ्सोङ, शे-फोक्सुन्डो गाउँपालिका भित्रका बस्तीमा चिसो बढेको हो । चिसो बढेसँगै यहाको जनजीवन कष्टकर बन्दै गएको छ ।

शुक्रबारबाट आएको मौसम परिवर्तनले जिल्लाको उच्च क्षेत्रमा हिमपात भएको छ भने सदरमुकाम दुनैसँगै बेंसीमा वर्षा भएपछि डोल्पामा चिसो बढेर यहाँको जनजीवन कष्टकर बनेको हो । हिउँद याम शुरु भएसँगै डोल्पाका सबै क्षेत्रमा अत्यधिक चिसो हुने गर्छ । अझ झन् मथिल्लो डोल्पाका नागरिक चिसो छल्न तल्लो डोल्पाको त्रिपुराकोटतिर झर्ने गर्छन् ।

मौसम परिवर्तनसँगै शुक्रबारदेखि चिसो निकै बढेपछि उपल्लो डोल्पाको तापक्रम माइनस १ डिग्री सेन्टिग्रेडमा झरेको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ । साथै चिसो बढेसँगै आफ्नो अवस्थाको ख्याल गर्न जिल्ला स्वास्थ्य, प्रशासन, प्रहरी कार्यालयले अनुरोध समेत गरेको छ । चिसोले डोल्पाका बजारमा आवतजावत समेत घटेको छ ।

# गोली लागेर सशस्त्र प्रहरी जवानको मृत्यु, एक जना पक्राउ



**दाङ/मस–** दाङमा गोली लागेर एक जना सशस्त्र प्रहरी जवानको मृत्यु भएको छ । घोराही उपमहानगरपालिका वडा नं. ७ हर्नियाका ३० वर्षीय सशस्त्र प्रहरी जवान जुगारु चौधरीको गोली लागेर मृत्यु भएको हो ।

जनसेवा सामुदायिक वनमा गाउँका स्थानीयसँगै मालुको पात टिप्न गएका चौधरीको भरुवा बन्दुकको गोली लागेर मृत्यु भएको हो ।

चौधरीको हत्या आरोपमा प्रहरीले घोराही-५ बरलाबोटका ५५ बर्षीय शेरबहादुर केसीलाई भरूवा बन्दुकसहित शनिबार प्रकाउ गरेको छ ।

# भूतपूर्व सैनिक सहकारीको आठौं अधिवेशन सम्पन्न, नेतृत्वमा गौचन सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, २५ कात्तिक



म्याग्दी सदरमुकाम बेनीमा केन्द्रीय कार्यालय रहेको भूतपूर्व सैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८औं वार्षिक साधारण सभा तथा आठौं अधिवेशन शुक्रवार सम्पन्न भएको छ । अधिवेशनको बन्द सत्रबाट क्याप्टेन झलप्रसाद गौचनको अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ सञ्चालक समिति चयन भएको छ ।

सञ्चालक समितिको उपाध्यक्षमा नरेन्द्र कुमार श्रेष्ठ, सचिवमा हिराप्रसाद श्रेष्ठ, कोषाध्यक्षमा कल्पना पाध्या रेग्मी चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा कमला केसी, मिनाकुमारी मल्ल, रामप्रसाद सुवेदी, रामबहादुर पौडेल, दलबहादुर भण्डारी, रत्नकुमारी कार्की र तिलक प्रसाद श्रेष्ठ चयन भएका छन् । अधिवेशनबाट रमेशबहादुर छन्त्याल संयोजक तथा सुदिप घिमिरे र अमृत शर्मा सदस्य रहने गरी लेखा सुपरिवेक्षण समिति समेत चयन भएको छ । निर्वाचन समितिका संयोजक सन्तोष सुवेदीले नवनिर्वाचित सञ्चालक समितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

बेनीमा सम्पन्न अधिवेशनको खुला सत्रको उद्घाटन गर्दै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) का महासचिव दामोदर अधिकारीले सहकारी संस्थाहरूमा चरम संकट देखिएको अवस्थामा भूतपूर्व सैनिक सहकारीले आफूलाई सफल सहकारीहरूको सूचिमा कायम राख्नु सकारात्मक पक्ष रहेको बताए । कुशल व्यवस्थापन र नेतृत्वका साथ सहकारीका सिद्धान्त र मार्गदर्शनलाई पालना गरेर सञ्चालन गरेका सहकारीहरूमा अहिले गम्भीर संकट नरहेको बताउँदै सञ्चालक र शेयर सदस्यहरूको भूमिकाले नै सहकारीको भविष्य निर्धारण हुने बताए ।

कार्यक्रममा बेनी नगरपालिका-८ का वडा अध्यक्ष उत्तम कुमार कर्माचार्य, जिल्ला सहकारी संघ म्याग्दीका अध्यक्ष दीपक कार्की, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक कमला देवी गिरीले सहकारीहरूमा देखिएका समस्या समाधानमा सहकारीका सञ्चालक, शेयर सदस्य, सरकार र सरोकारवाला सबैले ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रमका सभापति तथा सहकारीका अध्यक्ष बालकृष्ण सुवेदीले सहकारीका सिद्धान्तहरूलाई आत्मसात गर्दै शेयर सदस्यहरूलाई नियमित बचत गर्न आह्वान गरे । सुवेदीले नियमित बचत गर्ने शेयर सदस्यहरूको दुर्घटना बिमा सहकारीमार्फत गर्ने अवधारण समेत अघि सारिएको खुलासा गरे । कार्यक्रममार्फत हालै जाजरकोट र पश्चिम रुकुममा गएको भूकम्पबाट पीडित भएकाहरूको लागि १० हजार रुपैयाँ सहयोग गरिएको छ । सहकारीको सामाजिक उत्तरदायित्व अन्तरगत सामाजिक कोषबाट भूकम्पपीडितलाई नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखामार्फत उक्त सहयोग गरिएको हो ।

कार्यक्रममा एसईई परीक्षामा सर्वोकृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई सम्मान गर्ने कार्यक्रम अन्तर्गत एसईई २०७९ मा ४ जीपीए ल्याउने समीर सुवेदीलाई नगदसहित सम्मान गरिएको थियो । कार्यक्रममा उत्कृष्ट कारोबारकर्ता सुजु कुमारी कार्की भण्डारी, कौशिला कटुवाल केसी, उत्कृष्ट कर्मचारीमा सीमा श्रेष्ठलाई सम्मान गरिएको थियो । कार्यक्रममा सहकारीका निवर्तमान अध्यक्ष बालकृष्ण सुवेदीले अध्यक्षको प्रतिवेदन, सचिव नरेन्द्र कुमार श्रेष्ठले प्रगति प्रतिवेदन, कोषाध्यक्ष हिराप्रसाद श्रेष्ठले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक रामबहादुर पौडेलले लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए भने केही छलफलसँगै हलले ताली बजाएर सबै प्रतिवेदन पास गरेको थियो ।

बेनीको कोट भण्डार टोलमा केन्द्रीय कार्यालय र रघुगंगा गाउँपालिकाको केन्द्र मौवाफाँटमा सेवा केन्द्रमार्फत वित्तीय सेवा प्रदान गर्दै आएको सहकारीमा १ हजार जना शेयर सदस्य रहेका छन् । संस्थाको कारोबारलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नेफस्कुनद्वारा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास (प्रोबेसन) कार्यक्रममा सम्झौता गरी आवद्ध भएको यस सहकारीले मोबाइल बैंकिङ सेवासमेत सञ्चालनमा ल्याएको सहकारीका प्रबन्धक नारायण सुवेदीले जानकारी दिए । सहकारीले आर्थिक वर्ष २०७९/०८० मा २५ करोड ४१ लाख ९६ हजार १ सय २८ रुपैयाँ बराबरको कारोबार गरेको जनाएको छ ।

कुल ४ करोड ३१ लाख ७३ हजार ९ सय रुपैयाँ शेयर पुँजी रहेको सहकारीको १६ करोड १५ लाख ९६ हजार १ सय ६७ रुपैयाँ बचत संकलन, १७ करोड २९ लाख ६३ हजार ४ सय ६५ रुपैयाँ कर्जा लगानी गरेको सहकारीले जनाएको छ । प्रबन्धक नारायण सुवेदीको सञ्चालनमा अधिवेशन सम्पन्न भएको थियो ।

# फिर्के खोलाका संरचना तत्काल नहटाउन उच्च अदालतको आदेश



**कास्की/मस–** उच्च अदालत पोखराले पोखराको फिर्के खोला किनारका संरचना तत्काल नहटाउन अन्तरिम आदेश जारी गरेको छ ।

पोखरा महानगरपालिकाले बजारको मध्यभाग भएर बग्ने फिर्केखोलाको मापदण्डविपरीत निर्माण गरिएका संरचना हटाउन ३५ दिने सार्वजनिक सूचना जारी गरेपछि अदालतले सो सूचना कार्यान्वयन नगर्न आदेश गरेको हो ।

महानगरको सूचनालाई लिएर स्थानीय राजन रौनियारसमेतले दायर गरेको रिटमा शुक्रबार अदालतले सुनुवाइ गर्दै निवेदनको अन्तिम टुंगो नलाग्दासम्म तत्काल महानगरको सूचनाको कार्यान्वयन नगर्नू/नगराउनू तथा यथास्थितिमा राख्नु भनी विपक्षीको नाउँमा अन्तरिम आदेश जारी गरेको हो ।

पोखरा-१८ को अधेरीकुनादेखि शुरु भएर फेवातालमा मिसिने फिर्केखोलाको मापदण्डविपरीत निर्माण गरिएका संरचना हटाउनका लागि महानगरले गत कात्तिक १० गते ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो । महानगरपालिकाले भवन निर्माण संरचना बनाउँदा यसअघि नक्सापास गरेको स्मरण गराउँदै भत्काउनुपर्ने भए जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जाको व्यवस्था गर्नुपर्ने निवेदकको जिकिर छ ।

निवेदकतर्फबाट वरिष्ठ अधिवक्ता तिलक पराजुली, वरिष्ठ अधिवक्ता मुकुन्द अर्याल र अधिवक्ता केशवप्रसाद पराजुलीले बहस गरेका थिए । पोखरा महानगरपालिका वडा २, ४, ५, ६, ७, ८, १७ र १८ अन्तर्गत फिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना यसअघि महानगरबाट खटिएको प्राविधिक टोलीले स्थलगत नापजाँच गरी पोल गाडिएको भन्दाभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाउने महानगरको तयारी थियो ।

फिर्के खोलाको खोलाघरभित्र एक सय ६० संरचना बनेका छन् । तीमध्ये ९७ संरचना अस्थायी, ३५ वटा स्थायी र २८ वटा विभिन्न सरकारीसहितका सङ्घसंस्थाले संरचना बनाएका छन् । गत साउन पहिलो साता महानगरले फिर्के खोलाको प्राकृतिक बहाव पत्ता लगाउनका लागि प्राविधिक समिति बनाएर सीमाकंन शुरु गरेको थियो । सो प्राविधिक समितिले एक महिना लगाएर खोलाको नाप जाँच गरेको थियो ।

प्राविधिक समितिको प्रतिवेदनअनुसार फिर्के खोलाघर माथि स्थायीदेखि अस्थायी प्रकृतिका संरचना निर्माण गरेको पाइएको थियो । फिर्के अतिक्रमण गरी खोलामाथि सामाजिक सङ्घसंस्था, विद्यालय तथा व्यक्तिगत घर तथा संरचना बनाएको पाइएको थियो ।



मध्यान्ह
www.madhyanhadaily.com
२६ कातिक २०८०, आइतबार
12 November 2023, Sunday

## सम्पादकीय

# सद्भाव बढाउने मौका

विश्वब्यापी आर्थिक संकटले पारेको असर बाहेक यस वर्षको दशैं सामान्य अवस्थामै मनाइएको थियो । रूस–युक्रेन र इजरायल–प्यालेस्टाइन युद्धका कारणले विश्व अर्थतन्त्र प्रभावित हुँदा त्यसको असर नेपालमा पनि परेको थियो । तर राजनीतिक, प्राकृतिक र अरू अनेक दृष्टिले हामीले सामान्य अवस्थामै दशैं मनाइएको थियो । विशेषगरी ७० को दशकमा नेपालले निकै ठूल्ठूला संकटहरू खेप्नु परेको थियो । ०७२ मा महाभूकम्प, त्यसपछि भारतीय नाकाबन्दी, कोरोना महामारी अनि फेरि संसद् विघटन प्रकरणले निम्त्याएको राजनीतिक संकटका कारणले लामो समय ढुक्कले दशैं मनाउने अवसर मिलेको थिएन । तर यसपटक त्यस्ता कुनै समस्या थिएन, सामान्य अवस्थामा हाँसीखुशी दशैं मनाइएको थियो । तर तिहार नलाग्दै जाजरकोट केन्द्र भएर भूकम्प गयो ।

६.८ म्याग्निच्यूडको भूकम्पबाट १५७ जनाको ज्यान गयो भने झण्डै चार सय घाइते भए । नेपाल प्रहरीका अनुसार, भूकम्पबाट ५,५७३ घर पूर्ण क्षतिग्रस्त भएको छ भने ११ हजार वटामा आंशिक क्षति पुगेको छ । यसबाट हजारौ मानिस सडकमा पुगेका छन् । कतिपय गाउँ नै शोकमा डुबेको छ । यस्तो अवस्थामा प्रभावित क्षेत्रमा तिहार रंगहीन बन्न पुगेको छ । बाँकी भूगोलमा पनि तिहार खल्लो बनेको छ । तर चोट बिर्सिएर नयाँ संकल्पसहित तिहार मनाइदैछ । भूकम्प प्रभावित क्षेत्रका लागि आ–आफ्नो क्षेत्रबाट सकेको मद्दत गरिदैछ । सरकारले पूरा शक्ति लगाएर उद्धार, उपचार र अस्थायी पुनर्स्थापनाको काम गरिरहेको छ ।

राजनीतिक दलहरूले पनि पीडितहरूको सहयोगका लागि राहत पठाउनेदेखि पुनर्स्थापनाका लागि कार्यकर्ता परिचालन गरिरहेका छन् । अरू सामाजिक क्षेत्रबाट पनि सहयोग संकलनको काम भइरहेको छ । यस्तो बेला हामी तिहार मनाउँदैछौं । हाम्रो तिहार पनि भूकम्प प्रभावितहरूलाई सहयोग पुग्नेगरी मनाइनु राम्रो हुन्छ । किनकि नेपाली संस्कृति नै सहयोगी हो । चाडबाँड आफैमा सद्भाव साट्ने अवसर हो । वर्षौदेखि त्यसरी नै चाडहरू मनाइदै आएको छ । यसपटक हामीलाई भूकम्प पीडितहरूको पुनर्स्थापनामा सहयोग पुग्नेगरी तिहार केन्द्रीत गर्दा हाम्रो संस्कृतिको परिचय फराकिलो हुनेछ भने राष्ट्रिय एकता मजबुत हुनेछ । बिगतदेखि नै तिहारलाई सामाजिक विकास केन्द्रीत गर्दै आएको नजीर पनि त्यही हो । तसर्थ आफ्नो विरासत कायम राख्दै तिहार मनाउनु राम्रो हुनेछ । तिहारको शुभकामना !

# भूकम्पको पीडा र तिहार

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

राष्ट्रपतिले युरोप भ्रमण रद्द गरेछन्, भूकम्प पीडितलाई मलम लगाउन जाने रे ! तर, राज्य संयन्त्रलाई सशक्त बनाउन भने चुकेको अवस्था छ । आममाफी प्रकरणले राष्ट्रपतिको छवि धूमिल भएको छ र अदालतले यसलाई सच्याएको छ । आम नागरिकले राख्ने धारणा यसबाट के होला र उनको भ्रमणले भूकम्प पीडितको मन कस्तो होला हेर्न बाँकी नै छ । प्रधानमन्त्री वा राष्ट्रपति देशको हुने कि दलको यो प्रश्न गम्भीररूपमा आउन थालेको छ । देशका विषयमा घोत्लिँदा घोत्लिँदै दशैं बित्यो, तिहार आउँदा नआउँदै जाजरकोट रुकुम पश्चिम शोकमा डुबेको छ, मात्रै होइन देश नै । दशैं पीडा तिहारमा पनि दोहोरिने निश्चित भएको छ, बजारले त्यही संकेत गरेको छ ।

टिकाको दिन शीतल निवास र निर्मल निवासमा प्रतिस्पर्धा चल्यो, कतै स्वेच्छाले गए कतै उर्दीले गए । यति थोरै बिजुली उत्पादन हुँदा पनि दशैंका बेलाप्रति दिन पाँच सय मेगावाट बत्ति खेर गएको कुरा सार्वजनिक भयो । प्राधिकरण न महसुल घटाउँछ, न यसको प्रयोग हुने कलकारखाना नै खोल्छ सरकार, निजीक्षेत्र त आत्तिएकै छन्, सबैजसो प्रतिरक्षात्मक भएर बसेका छन् । चिनी नपाएर मात्रै यसपालिको दशैं खल्लो भएको होइन, त्यसकै कारण तिहार खल्लो नहुने छाँट पनि छैन । शाकाहारीलाई मांसाहारीले जिते यो दशैंमा पनि, पशु अधिकारकर्मी, धर्मगुरुलगायत धेरै अल्पमतमा परे ।

नवरात्री नलाग्दै बझाङमा भूकम्पले घर चिरा चिरा पाऱ्यो, नेताहरूको हेलिकप्टरको थर्काइले थप चिराचिरा पार्दै रह्यो । जतातते मार हान्ने क्रममा धर्ती रोइन् र एकै दिन धादिङ केन्द्र बिन्दु भई महाअष्टमीमा सात पटकसम्म धक्का दिइन्, छ रेक्टर स्केलमाथिकै भनियो भूकम्प, विदेशीहरूले पाँच चानचून मात्रै भनिदिए । एकैदिन सात पल्टसम्म भूकम्पको धक्का हुँदा सबैतिर त्राहि माँ भयो र दशैं थप खल्लो हुने त्रास रहिरह्यो ।

त्यसो त इजरायलबाट मरेका लास घरैमा आउने साइत पनि यसैदिन परेको देखियो । अझ खल्लो त के भने पाल्पामा जिप दुर्घटना हुँदा छ जनाले एकैपल्ट धर्ती छोडे । हो, मासु बढी स्वादिलो भएछ, विगतमाझैं अष्टमीकै दिन घाँटीमा हड्डी अड्केर कोही सिद्धिए पनि, काल कहाँबाट आउँछ पत्तै हुन्न । अहिले जाजरकोट र रूकुममा लासका ताँती छन्, हजारौं घर ध्वस्त भएका छन्, सहयोगको ओइरो पनि लागेको छ, विदेशदेखि स्वदेशसम्म । समस्या धेरै छन् देशमा ।

सबैतिर विदा थियो, तर सप्तरीमा बाटै छेकेर समूह बसिदियो, सडक बनाउँदा ठेकेदार विवाद, सडकमै मान्छे पोखिँदा भीडले बाटो दिएन सडकमा एम्बुलेन्स अड्किँदा अस्पताल पुऱ्याउन नसकिएर बालकको ज्यान गयो । त्यसो त खाल्डोको पानीमा डुबेर एक बालिकाको निधन पनि भयो, दशैंमै । भूकम्पमा दर्जनौं घरहरू ध्वस्त भए, भाग्ने क्रममा एक घाइते पनि भए । अघिल्लो दिन फुलपाती भित्र्याइरहँदा कतै दुई पाँग्रेको ठक्करबाट साइकल यात्रीको अवशान भयो, मोटर साइकलबाटै खसेर अर्का एक व्यक्तिको अवशान भयो भने निर्माण सामग्री ओसारपसार गर्ने ट्रिप्परहरु त पहिले हत्यारो साबित भइसक्दा दशैंभरि नै तिनले चल्ने अनुमती नै पाएनन् । सहरलाई कर्मथलो बनाउँदै गरेका मानिस गाउँ जाँदा त्यो पनि एकैदिन काठमाडौं छोड्नेको संख्या एक लाख हुँदा अचम्मै भयो दशैंका विवरण लामै छ त ।

एमसीसीलाई धकेला धकेल गर्दा पनि ससंदमा छिरिसकेको तर, बिआरआइको तय गर्न गएका गृहमन्त्री छिमेकी देशतिरै हृदयाघातमा परी अस्पताल भर्ना भए, टिकाको भोलिपल्ट मात्रै फर्किए । आम माफीबाट विरोध खेपिरहेका राष्ट्रपति भने पलान्चोक देवीतिर गुहार माग्न पुगे भने तमाम हिन्दुहरुको पर्व देखेर माओवादी दलमा धर्मनिरपेक्षता हटाउने बारे एक जनाले मत दिए रे, अरुले कुम हल्लाइ हल्लाइ सुनेको देखियो ।



> भूकम्पले देशलाई अझै पनि छाडेको छैन । कात्तिक १७ गतेको भूकम्पपछि लगातार परकम्प गइरहेको छ । नागरिक एकातिर पीडित छन् भने अर्कोतिर त्रसित पनि छन् । भूकम्पबाट पीडित हजारौं परिवारका लागि तिहार स्वभाविक खिन्न लाग्ने त भयो नै सँगै समग्रमा देशलाई पनि खल्लो बनाएको छ । दशैंभन्दा तिहार थप खल्लो हुने कुरामा कुनै दुबिधा छैन । तथापि, तिहारसँगै क्रमशः अवस्था सामान्य बन्दै जाला भन्ने कामना गरौँ ।

काम सबै हिन्दु अनुकूल गर्ने, माम भने विदेशीको खाने भन्दै हिन्दु विरोधीहरूको स्वर पनि बाक्लै देखियो दशैंभरी । एनआरएनमा झाँक्री पर्वले पनि सोल्टी होटलमा प्रवेश पायो भने देश देशावर घुमे पनि नेपालीको शैली उस्तै रहेको द्वैध चरित्र समानान्तर समिति बनाएर देखाइयो, सरकारले कसैलाई काखी च्याप्यो भन्ने आरोप पनि आयो । देशलाई माया गर्न छोडेर विदेशिएकालाई पनि सरकारले नागरिकता दिएर सम्मान गर्ने काम पनि यही दशैंमा भयो भने संसारकै गरीब भनी पहिले नै कहलिएको देशलाई एसियाकै गरीब कोटीमा राखिएको आइएमएफको रिपोर्ट पनि यतिबेलै सार्वजनिक भइदियो । दशैं नवरात्रि पाँचौं दिन डोजरले ९२ वर्षीय वृद्धालाई अचार बनाइदियो भने गाजाक्षेत्रमा सात सय बालबालिकासहित २२ सय मानिस हताहत भएको खबर बाहिर आयो र ५ जना त एउटै अस्पतालमा आक्रमणकारीको निशानामा परे ।

इजरायल जानेमा बेलायती ऋषि शुनक मात्रै परेनन्, अमेरिकी बाइडेन र हाम्राले पनि केही मान्छे ल्याए त्यहाँबाट, केहीलाई छिमेकीले ल्याइदियो । सरकार व्यापार र कर कलेक्सनको काम मात्रै गर्दैछ, तैपनि ४६ अर्बको घाटा कारोबार यतिबेलै भयो । दशैं सुपथ मोलका पसल र बजार अनुगमन त उही पहिलेको जस्तो मात्रै भयो, हात्तीका दाँत भनेपछि कुरो खत्तम । सामानको उत्पादन यहाँ हुन्न, आयात गर्दा नै ठोकेर सरकारले भन्सार कर असुली सकेकाले व्यापारी सामु उपभोक्ताले घुँडा टेक्नैपर्छ, पहिलेदेखिकै चलन । भान्छामा भ्याट लाउने सरकारलाई धेरैले अन्धो भनिदिए, ग्याँसमा भाउ घटाएको भए केही राहत हुन्थ्यो । दशैंको पूर्व सन्ध्यामा धेरै सवारी नचल्ने र इन्धनको खपत नै नहुने बेला इन्धनमा थोरै रकम घटाइयो ।

कैदमाफी पाएकाले रुकुममा मान्छे काटे, आममाफी दिनेलाई पटक्कै ग्लानि भएन, यो लोकतन्त्रको सुन्दर रूप भयो । मुस्ताङ पुगेर हेलिकप्टरले बाढी पहिरोको दृश्यावलोकन गरिदियो भने राजाको शैलीमा ५० करोडको वर्षा हुने आदेश पनि जारी भयो, आँशु पुछ्नैका लागि । दशैं लाग्दै गर्दा खाली कागजमा गठबन्धन नभत्कने घोषणा भयो भने कोसी प्रदेशले अचम्मको लोकतन्त्र देखायो, त्यसको पराकम्पन होला कि भन्ने शंका पनि छ ।

यता टिकाको दिन पूर्वराजालाई गद्दीमा राख्नेहरु पनि धेरै देखिए । बालेनले दशैंमा सफाइको काम निरन्तर गरिरहे भने प्रत्यक्ष कार्यकारी चुनिने प्रणाली आयो भने यहाँ प्रतिस्पर्धी धेरै नै हुने छाँट आइसक्यो । दशैं पूजा, मूर्ति सेलाउँदा रूपन्देहीमा कसैको देह उत्सर्जन भयो, त्यो पनि एक मात्र होइन । दोलखामा एक बोलेरोले दुई जना निल्यो भने बैतडीमा भीरले खाइदियो तीन जनालाई । बाँकेमा सामाजिक सद्भाव खल्बलिएको हो पहिले, कर्फ्यू नै लागेको दशैंअघि, अहिले प्रशासनले पूरै एक दिन मदिरामा कर्फ्यू लाइदियो । कालरात्री पूजाकै दिन कैलालीमा एक मोटरसाइकलले साइकल यात्रुलाई खाइदियो भने मकवानपुरमा एक मोटरसाइकल खस्यो ।

यसरी समग्रमा दशैं खल्लो भइरहँदा कसैलाई दशैं निकै गुलियो पनि भयो होला तर, आक्रोश पोखे धेरैले, जुत्ता पुरानैमा पोलिस गरियो, मोजा पुरानै सिलाएर लाइयो । पहिले भनिन्थ्यो आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई । पहिले जसोतसो ऋण पाइन्थ्यो, धेरै ब्याज थिएन, अब त मिटर होइन किलोमिटरमा छ ब्याज । सामन्ती प्रथा सकियो भनियो तर, बजार असह्य भयो, नवसामन्तीहरुले किचिएको देश आफै ठूलो ऋणमा छ, व्यापारघाटा अचाक्ली बढेको छ, सरकारले रोजगारी दिन नसके पनि रोजगारीको वातावरण सिर्जना भने गर्नैपर्थ्यो । तर, सरकार एकोहोरो छ, दलको छ, दलमा लाग्नेहरुलाई रोजगारीको कमी छैन ।

राजनैतिक रोजगारी, बिना लगानीको प्रतिफल छ, लोकतन्त्रको लाभांश थुप्रै वितरण भइरहेको छ । जनता सुक्ने, नेता फुक्ने गणतन्त्र, संघीयता र लोभतन्त्रले देशलाई कहाँ पुऱ्याउला ? अहिले नै नेपालीका कुनै घरमा परदेश नगएको मान्छे छैन, गोठ, घर, किला दाम्ला, खेत, बारी त धुरुधुरु रोइरहेका छन् । पंक्तिकारकै भन्ने हो भने सार्वजनिक बसमा आफूसँग भए भरको पैसा लुटियो, पर्स पनि त्यसैमा पर्दा भएका खातापाता चेकबुक, साँचो, त्यसैमा परेकाले केही दिन अलमलमा पर्नु पऱ्यो । यहाँ वृद्ध वृद्धाहरुको जमात बढेको छ जो, जसलाई बिरामीका बेला तातोपानी पिलाउने मान्छे छैनन् ।

जाजरकोट र रुकुमपश्चिम भूकम्पले देशै पीडामा छ । पछिल्ला दिनसम्म आउँदा भूकम्पबाट घरबार गुमाएका परिवार चिसोले बिरामी हुन थालेका छन् । सरकारको उपस्थिति कहिँ कतै देखिएपनि अधिकांश ठाउँमा नाममात्रैको छ । भूकम्पले अझै पनि छाडेको छैन । १७ गतेको भूकम्पछि लगातार पराकम्प गइरहेको छ । नागरिक एकातिर पीडित छन् भने अर्कोतिर त्रसित छन् । भूकम्पबाट पीडित हजारौं परिवारका लागि तिहार स्वभाविक खिन्न लाग्ने त भयो नै सँगै समग्रमा देशलाई पनि खल्लो बनाएको छ । दशैंभन्दा तिहार थप खल्लो हुने कुरामा कुनै दुविधा छैन । तथापि, तिहारसँगै क्रमशः अवस्था सामान्य बन्दै जाला भन्ने कामना गरौं । सबैलाई शुभकामना !

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

यो साँचो हो, शासन सञ्चालनको अभ्यासले र शासनमा रहेका पार्टीले देशमा विकासको लहरको र जनताको जीवनमा गुणात्मक सुधारको आवश्यकतालाई प्रतिविम्बित गर्न सकेनन् । सार्वजनिक अपेक्षाको छेउछाउ पनि पुगेनन् यी । ऐतिहासिक आवश्यकताअनुरूपका प्रजातान्त्रिक शक्तिहरू तयार हुन केही समय लाग्ने देखियो ।




**- निर्मल प्रसाइँ**

देउसी भैलो खेल्ने कुरा सरकारले तोक्ने, यो कस्तो परिपाटी हो ? परम्परा र संस्कृतिमाथि नियन्त्रण गर्न खोज्ने ! हामी देउसी खेलेर रात कटाउँथ्यौं, जम्मा भएको पैसाले पिकनिक खान्थ्यौं, यसैगरी निषेध गर्ने हो भने हाम्रा सन्तानले देउसी भैलो बुझ्दैनन्, सबै लोप गरेर कस्तो नेपाल बनाउन खोजेको ?



**- गोकुल बाँस्कोटा**

भूकम्प र पराकम्पबाट पीडित जनताको राहत र सुरक्षाको चर्चा चलिरहेको बेला राजनीतिक बजारमा भने गणतन्त्रको विकल्पको बहस चुलिएको रहेछ । जनता न दल कसैले मागेको, न चाहेको संरचनाबारे म पुरातनवादी नै छु । तर विकल्पवादीलाई सोध्छु- दुईतिहाई ल्याउने संविधान फेर्न, सक्छौ त ?



**- ओमकुमार थापा**

भएका विमानस्थल नचलेर चरनका रूपमा परिणत भएका छन् । एक घण्टाको दुरी बिराटनगरमा विमानस्थल छ धरानमा किन चाहियो फेरि ? राजबिराजको विमानस्थल राम्रोसँग नचलेर बिजोग छ, गाईघाटमा विमानस्थल चाहियो रे ! यस्तै नेता र जनताको कारण नेपाल बन्न नसकेको हो भन्न अब चाहिँ आइतबार कुर्नु पर्दैन है ।

# अबको बाटो

विचार



● लेखराज रेग्मी

> जनपक्षीय आन्दोलनकारीलाई जनताको दैनिक रोजीरोटीको सवालमा सुधार र यसको लागि राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन गरिने संघर्ष, जनताको बीचमा आफ्ना अधिकार प्रयोग गर्दै जनताले आफ्नो लागि गर्न सकिने सुधार, प्रयोग र यसको वैधानिक गर्दै क्रमशः स्वायत्त आर्थिक, सामाजिक स्थिति तयार गर्ने सवालमा सहकार्य संगठन र परिचालनको लागि नियमित कार्य गर्दै लक्ष्य प्राप्तिको बाटोमा क्रमिक अगाडि बढ्नुको विकल्प छैन ।

समाजवादी क्रान्ति वा जनवादी क्रान्तिभन्दा हामीले जे बुझेका छौं, त्यहाँ एउटा समस्या के रह्यो भने राजनैतिक क्रान्तिले गर्ने भनेको राज्यसत्तामा परिवर्तन हो; निर्वाचन वा बलप्रयोग जुनसुकै माध्यमबाट राजनैतिक सत्ता फेरिँदा पक्षधरता, प्रतिनिधित्व र प्रतिबद्धता घोषणा गरिन्छ तथा त्यसलाई कार्यान्वयन गर्ने तरिका औजार र प्रक्रिया संविधान ऐन र कानुन बनाएर व्यवस्थित गरिन्छन् । यसको लागि आवश्यक कार्यशक्ति व्यवस्थापन गरिन्छ । तर लक्ष्य र उद्देश्य सम्पन्न गरिने कार्यक्रम र जनताले प्राप्त गर्ने उपलब्धिहरूको बारेमा साथै कोकसको साथ समर्थनमा कसको अगुवाइमा राजनैतिक परिवर्तन कसरी सम्भव होला भन्ने खाका त्यस्ता क्रान्तिपूर्व नै तय गरिसकेका हुन्छन् र सत्ता साझेदारीको खाका पनि तय हुन्छ । त्यसैको आधारमा जनमत, जनसहभागिता र जनबल प्राप्त हुन्छ । हो यो नै विश्वासको स्थिति प्राप्त गर्ने पूर्व सर्त हो । हामी यो प्रारम्भिक स्थितिमा वा पार गरिसकेको स्थितिमा बहसमा छौं, यकिन हुनु आवश्यक छ ।

बुर्जुवा जनवादी क्रान्ति वा राज्यसत्ता प्राप्तिको स्थितिमा हामीसँग संघीय, समावेशी, गणतन्त्रको संविधान बनेको छ र सबै बखेडा त्यही संविधान कार्यान्वयन वा संशोधन पुनर्लेखन वा आवश्यक ऐन कानुनहरूको व्यवस्थापन र कार्यान्वयनको दौरानमा देखापरिरहेका छन् । यहाँ एउटा पक्ष जनताले प्राप्त गरेको भनिएका विषयमा पुनर्विचार गर्न र थप सीमित गर्न वा पछाडि धकेल्न चाहिरहेको बुझ्न सकिन्छ । अर्को एक पक्ष यसलाई तदारुकतासाथ कार्यान्वयन गर्न इच्छुक त छ तर, यही कुरा जस्ताको तस्तै बोलिरहेको छैन, व्यवहारमा महसुस गरिएको छ । तर जनताको सरोकार भने आन्दोलन वा चुनावमा समेत जनताबीच गरिएका बोल कबोलको कार्यान्वयन हुन नसकेकोमा असन्तुष्टिको रूपमा देखिएको महसुस गरिएको छ । यसले विद्रोह वा प्रतिविद्रोहको स्वरूप ग्रहण गरिसकेको छैन ।

समान आर्थिक सामाजिक एजेण्डामा पुनः जनताले विद्रोह गर्न राजनैतिक सत्ता व्यवस्था प्रतिगामी ढाँचामा फेरिएको विश्वास पैदा हुनुपर्छ वा प्रतिविद्रोहमा जान एजेण्डाहरूको अव्यवहारिकता झुठ र ठगिको स्थिति महसुस भएर पुरानै स्थिति ठिक थियो भन्ने तुलनात्मक निष्कर्षमा जनता पुगिसकेको अवस्था बन्नुपर्छ । यी दुवै स्थिति परिपक्क छैनन् ।

यसकारण समाजवादी क्रान्ति भन्नेहरूले गर्ने भनेकै बहस छलफल नै हो । थप स्पष्टता, त्यसको लागि आवश्यक संगठन र आन्दोलनको स्वरूप र संरचनाबारेको स्पष्टता, नीति कार्यक्रम र कामको प्राथमिकरण र जनतामा सन्देश पुऱ्याउने र आम बहस पैदा गर्ने काम नै हो । योसँगै जनताको दैनिक रोजीरोटीको सवालमा सुधार र यसको लागि राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन गरिने संघर्ष, जनताको बिचमा आफ्ना अधिकार प्रयोग गर्दै जनताले आफ्नो लागि गर्न सकिने सुधार प्रयोग र यसको वैधानिक गर्दै क्रमशः स्वायत्त आर्थिक सामाजिक स्थिति तयार गर्ने सवालमा सहकार्य संगठन र परिचालनको लागि नियमित कार्य गर्दै लक्ष्य प्राप्तिको बाटोमा क्रमिक अगाडि बढ्नुको विकल्प छैन । जनवादी क्रान्ति सम्पन्न गर्न चाहनेहरूको लागि पनि आन्दोलनका उपलब्धि खोसिएको र गुम्दै गरेको सन्देशप्रति जनतामा विश्वास पैदा गर्नुपर्ने चुनौति छ । यसरी तात्कालिक राजनीति र कार्यनीतिमा सहकार्यका सम्भावना छन् र यहाँ विभाजन खोज्नु मनासिब छैन । यो बेला सत्ता इतर आफूलाई 'ऱ्याडिकल मुभमेन्ट' पक्षधर भन्नेहरूले नटुङ्गिएको विवादमा जनता र शुभेच्छुकहरू नै भ्रममा पर्ने गरी अमूर्त बहस र तिक्तताको बढोत्तरी होइन मिल्न सकिने एजेण्डामा सहकार्यसँगै एक अर्काको आफूलाई गलत लागेको कार्यदिशा सच्याउन मैत्रिपूर्ण बहस र सहकार्यको बाटो रोज्नु आवश्यक छ ।

पंक्तिकार आज जनवादी क्रान्ति वा समाजवादी क्रान्तिबारे मत राख्न आवश्यक ठानेको छैन तथापि, यसबारे कतै मत जाहेर भएका पनि छन् र आवश्यकताको आधारमा थप बहस गर्न सकिन्छ । यससन्दर्भमा अहिले जसरी बहस उठान भएका छन्, यी सही छन् । क्रमशः मत पनि खुलेर आउने नै छ । अनिर्णयको स्थितिमा रहनुहुने स्पष्ट हुनेछन् तर, कार्यदिशा र नीति कार्यक्रम निर्णय गरिसकेकाहरूका मत सहज र द्रुत ढंगले बदलिने छैनन् । यसकारण मिलन र सहकार्यको आवश्यकता किन, कुन सवालमा, कति सम्भव छ भन्ने खोजी र कार्यनैतिक, कार्यगत एकताको वातावरण बनाउने ढंगले पहल लिँदा लाभदायक होला ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | जीवनसाथीसँग राम्रो सम्बन्ध राख्नुहोला । धेरै व्यस्तता रहनेछ । |
| वृष : | सामाजिक कार्यमा समय नष्ट हुनेछ । नयाँ योजना बन्नेछ । |
| मिथुन : | रिसले गर्दा काम खराब हुने योग रहनेछ । |
| कर्कट : | हतारमा फैसला गर्नु हुँदैन । निवेशको लागि राम्रो समय छ । |
| सिंह : | स्वास्थ्य राम्रो रहनेछ । यात्रा सफल हुनेछ । |
| कन्या : | नयाँ काम हुने योग छ । सन्तुलित आहार लिनु होला । |
| तुला : | कार्य सफल हुनेछ । खर्चको योग छ । |
| वृश्चिक : | सबै कार्यमा धैर्य राख्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| धनु : | मुद्दा मामिलामा सफलता र पुरानो रुकावट समाप्त हुनेछ । |
| मकर : | रुकावटले गर्दा अशान्ति छाउनेछ । विस्तारै प्रगति हुनेछ । |
| कुम्भ : | अनावश्यक विवादको योग छ । सबै कार्यमा धैर्य राख्नुपर्छ । |
| मीन : | विद्यार्थीहरूको लागि राम्रो समय छ । सम्बन्धहरूमा सुधार हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# इथियोपियामा ७६ लाख बालबालिका विद्यालय बाहिर



**काठमाडौं/एजेन्सी–** इथियोपियामा चरम प्राकृतिक तथा मानव निर्मित विपद्को निरन्तर सामना गर्नुपरेको कारण करिब ७६ लाख बालबालिका विद्यालय बाहिर रहेको संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले शुक्रबार जनाएको छ ।

इथियोपियाको आफ्नो पछिल्लो मानवीय अवस्था प्रतिवेदनमा एजेन्सीले पूर्वी अफ्रिकी देशका विभिन्न भागमा जारी द्वन्द्वले बालबालिकाको शिक्षामा पहुँचमा नकारात्मक असर गरिरहेको जनाएको छ ।

प्रतिवेदनका अनुसार अम्हारादेखि ओरोमियाको बीचमा चलिरहेको द्वन्द्वले विद्यालय छाड्ने बालबालिकाको संख्यामा उल्लेख्य वृद्धि भएको छ । इथियोपिया कुल ७६ लाख बालबालिका विद्यालय बाहिर रहेको प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनले अम्हारा क्षेत्रमा द्वन्द्व चलिरहेको तनावपूर्ण तथा अस्थिर अवस्था कायम रहेको देखाएको छ । नियमित आवागमनमा प्रतिबन्धहरू कायमै रहेकाले मानवीय सहायताको प्रावधानमा कठिनाइहरू व्याप्त छन् ।

युनिसेफले अम्हारा क्षेत्रीय शिक्षा ब्यूरोलाई उद्‌धृत गर्दै द्वन्द्वका कारण समस्याग्रस्त क्षेत्रका विभिन्न स्थानका २८ वटा विद्यालयमा क्षति पुऱ्याएको जनाएको छ । जसका कारण नयाँ शैक्षिक वर्षको शिक्षा पुनः सञ्चालनमा चुनौती खडा गरेको छ । साथै यस क्षेत्रका अन्य भागमा भारी वर्षा, हावाहुरी र बाढीका कारण दुई सय ५४ विद्यालयमा क्षति पुग्दा ९२ हजार ६०० भन्दा बढी बालबालिका प्रभावित भएको जनाइएको छ । कोषको कमीले इथियोपियामा मानवीय प्रतिक्रियामा बाधा पुऱ्याइरहेको छ ।

युनिसेफका अनुसार यसको ६७४.३ ६७ करोड ४३ लाख अमेरिकी डलर बालाबालीकाका लागि मानवीय कार्य -२०२३ इथियोपियाको लागि करिब ७२ प्रतिशत कोषविहीन रहन्छ जुन मानवीय आवश्यकताहरू देशभरका कमजोर जनसंख्याहरु पुग्न कठिन स्थानहरूमा रहेका छन् । युनिसेफले इथियोपियामा बालबालिका, किशोरकिशोरी, महिला र पुरुषहरूको मानवीय आवश्यकताहरू पूरा गर्न महत्वपूर्ण कोषको लागि अपिल गरिरहन्छ ।

# 'चीनसँग स्वस्थ सम्बन्धका लागि काम भइरहेको छ'



**काठमाडौं/एजेन्सी–** अमेरिकी अर्थमन्त्री जेनेट येलेनले विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीच तनावपूर्ण सम्बन्धपछि वासिङ्टन र बेइजिङबीच 'स्वस्थ आर्थिक सम्बन्ध' पुनःस्थापित हुनुपर्नेमा जोड दिएकी छिन् । युक्रेनमाथि आक्रमणका लागि रूसलाई रक्षा उपकरण आपूर्ति गर्ने चिनियाँ कम्पनीविरुद्ध एकतर्फी कदम चाल्न अमेरिकापछि नहट्ने उनले बताइन् ।

'हामी हाम्रो अर्थतन्त्रलाई चीनबाट अलग गर्न चाहँदैनौं,' सान फ्रान्सिस्कोमा चीनका उपप्रधानमन्त्री हे लिफेङसँग दुईदिने बैठकपछि येलेनले भनिन्, 'यसले अमेरिका र चीन दुवैलाई हानि पुऱ्याउनुका साथै विश्वलाई अस्थिर बनाउनेछ ।'

अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका प्रधानमन्त्री सी चिनफिङबीच आगामी साता क्यालिफोर्नियामा हुने एपेक (एसिया प्यासिफिक इकोनोमिक कोअपरेसन) शिखर सम्मेलनमा भाग लिन जानुअघि यो बैठक भएको हो ।

वासिङ्टन र बेइजिङबीचको सम्बन्ध विशेष गरी पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पालामा बिग्रिएको थियो, जसले चीनलाई घरेलु पारदर्शीताको रूपमा प्रयोग गरे र अमेरिकी उत्पादनलाई बढावा दिने आफ्नो अभियानको एक भागको रूपमा चिनियाँ आयातमा करवृद्धि गरे । बाइडेनको शासनकालमा वब्तव्यबाजीमा सुधार आएन र बेइजिङले रूससँगको सहकार्यलाई बढावा दिँदा सम्बन्ध थप तनावपूर्ण बनेको छ । हालैका महिनामा बाइडन प्रशासनले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेन, येलेन र वाणिज्यमन्त्री जिना राइमोन्डोको चीन भ्रमणसहित केही स-साना कदम चालेको छ । येलेनले भनिन्, 'विगत दुई दिनमा, चिनियाँ उपप्रधानमन्त्री र मैले यस जगलाई स्पष्ट, प्रत्यक्ष र उत्पादक वार्ताका साथ निर्माण गरेका छौं । व्यक्तिगत कूटनीतिको विकल्प छैन, थप वार्ताका लागि अर्को वर्ष चीन जाने सहमति भएको छ ।'

यद्यपि येलेनले आफ्ना समकक्षीलाई चेतावनी दिँदै चिनियाँ कम्पनीहरूले रूसद्वारा गरिएको युक्रेन आक्रमणमा सहयोग गरिरहेको कुरा वासिङ्टनलाई थाहा भएको बताएकी थिइन् । उनले भनिन्, 'हामीले प्रतिबन्धका कार्यक्रम लागू गरेका छौं, तर रूसको सैन्य प्रयासका लागि महत्वपूर्ण उपकरणहरू अझै पनि प्रतिबन्धबाट बचिरहेका छन् र रूसलाई सहयोग पुऱ्याइएका छन् । यसप्रति हामी चिन्तित छौं ।' येलेनले आफूले चिनियाँ सरकारको संलग्नताको आरोप नलगाएको तर केही चिनियाँ निजी कम्पनी साथै केही वित्तीय संस्थाहरू पनि 'त्यो प्रवाहलाई सहज तुल्याउन' संलग्न रहेको बताइन् ।

# इन्डो–प्यासिफिक भविष्यका लागि अमेरिका र भारतबीच छलफल



**काठमाडौं/एजेन्सी–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भारत-अमेरिका सम्बन्ध र खुला र सुरक्षित हिन्द-प्रशान्त क्षेत्रलाई प्रबर्द्धन गर्ने प्रयासबारे छलफल भएको छ ।

ब्लिंकेनले उज्जवल भविष्यका लागि प्रविधि, स्वच्छ ऊर्जा र अन्तरिक्षसम्बन्धी नयाँ आविस्कारलाई निरन्तरता दिन आफूहरु तत्पर रहेको पनि दोहोऱ्याए । अमेरिकी विदेशमन्त्री ब्लिंकेनले भने, 'नयाँ दिल्लीमा मैले भारतीय प्रधानमन्त्रीसँग अमेरिका र भारत कसरी खुला र सुरक्षित हिन्द-प्रशान्त क्षेत्रको प्रवर्द्धनका लागि काम गर्न भन्ने बिषयमा छलफल गरेको छु । म उज्ज्वल भविष्यका लागि प्रबिधि, स्वच्छ ऊर्जा र अन्तरिक्षमा हाम्रो नवीनतालाई निरन्तरता दिन तत्पर छु ।'

ब्लिंकेन र अमेरिकी रक्षामन्त्री लोयड अस्टिन नयाँ दिल्लीमा भएको टु प्लस टु मन्त्रीस्तरीय वार्ताका लागि भारत आएका छन् । शुक्रबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनसँगको भेटपछि प्रधानमन्त्री मोदीले '२+२' ढाँचा भारत-अमेरिका व्यापक वैश्विक रणनीतिक साझेदारीलाई थप मजबुत बनाउन महत्वपूर्ण सहयोगी भएको बताए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-अमेरिका साझेदारीलाई 'विश्वव्यापी भलाइ'का लागि 'शक्ति' को संज्ञा दिँदै नयाँ दिल्ली र वासिङ्टनबीचको पारस्परिक लाभकारी सहयोग लोकतन्त्र, बहुलवाद र विधिको शासनमा उनीहरूको साझा विश्वासमा आधारित रहेको बताएका छन् । ब्लिंकेन र प्रधानमन्त्री मोदीले हिन्द-प्रशान्त क्षेत्रमा र विश्वव्यापी महत्वका विषयमा घनिष्ठ साझेदारीका लागि भारत र अमेरिकाको साझा दृष्टिकोणलाई दोहोऱ्याएको अमेरिकी विदेश मन्त्रालयले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'भारत र संयुक्त राज्य अमेरिकाले जापान र अष्ट्रेलियासँग क्वाड (चतुर्भुज सुरक्षा संवाद) मार्फत साझेदारीलाई बलियो बनाएर स्वतन्त्र, खुला र सुरक्षित हिन्द-प्रशान्तलाई बढावा दिइरहेका छन्,' अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले नयाँ दिल्लीमा आयोजित पाँचौं २+२ भारत-अमेरिका मन्त्रीस्तरीय संवादमा भने ।

ब्लिंकेनले भने, 'उदाहरणका लागि, अवैध फिसिङ, पाइरेसी र लागूपदार्थको ओसारपसारविरुद्ध लड्न हामी इन्डो-प्यासिफिक क्षेत्रमा मानवीय राहत र विपद् प्रतिकार्य प्रयासमा पनि समन्वय गरिरहेका छौं । यो संवादले अमेरिका र भारतबीच उच्चस्तरीय छलफलका लागि एक मञ्च प्रदान गर्दछ । अमेरिका र भारतका नेताहरूले महत्वपूर्ण द्विपक्षीय र विश्वव्यापी मामिलाहरूमा छलफल गर्दछन्, जसमा हिन्द-प्रशान्त क्षेत्रमा भइरहेका घटनाक्रमहरूमा विशेष जोड दिइन्छ ।'

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/०७/२६**

**बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.** को मिति २०८०/०६/३० गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सोलार एच.आर. म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि. नं.: १५९०३३)** कायम गर्ने गरी मिति २०८०/०७/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/०७/२६**

**चौतारी क्याफे एंड रेस्ट्रो प्रा.लि.** को मिति २०८०/०५/०६ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चौतारी क्याफे एंड मार्सी थकाली प्रा.लि. (प्रा.लि. नं.: ३१३३३१)** कायम गर्ने गरी मिति २०८०/०७/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगार

कम्पनी: INCONEL TRADING
शहर: Qatar

पूर्व स्वीकृत मिति: २०८०/०७/२४ चलानी नं.: ६०२१००३९ LT. No.: 294963

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Market Manager | 2 | 0 | स. काममा दक्ष | 5700 | २०७,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ४ गते (20 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

S.R. Group HR Consultancy Pvt. Ltd.
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

## बहराइनमा रोजगार

कम्पनी: AL ZAMIL GROUP BSC C
शहर: Baharain

पूर्व स्वीकृत मिति: २०८०/०७/२४ चलानी नं.: ६०२१००३६ L.T. No.: 294928

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 130 | ४५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ३ गते (19 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Santi Overseas Pvt. Ltd.
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONCOST CASH & CARRY CENTRAL MARKET शहर:Kuwait

पूर्व स्वीकृत मिति: २०७९/१०/०४ चलानी नं.: ६०१९५२०९ LT. No.: 279687 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carrier | 22 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१६३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coordinator | 19 | 0 | | 150 | ६४५४९ | | | | | | | |
| 3. | Light Driver | 40 | 0 | | 140 | ६०२४६ | | | | | | | |
| 4. | Reporter | 26 | 0 | | 120 | ५१६३९ | | | | | | | |
| 5. | Worker (Indoor) | 47 | 0 | | 110 | ४७३३६ | | | | | | | |
| 6. | | | 0 | | | | | | | | | | |

कम्पनी : ONCOST CASH AND CARRY CENTRAL MARKET शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/११/२६ चलानी नं.: ६०१९७८७१ LT. No.: 282392 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier/stocker | 0 | 46 | स. काममा दक्ष | 150 | ६४५४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर ८ गते (24 November 2023) मा हुनेछ ।

यसै कम्पनीमा Stocker/cashier (Male) को पनि आवश्यकता भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com
Mobile: 9851322884, 9851235143, 9851330429, 9803636760, 9820293991, 9858034684, 9860528710, 9869120271

## कतारमा रोजगार

कम्पनी : BHETGHAT RESTAURANT
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२६५१ L.T. No.: 287263 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chawarma Maker. | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1500 | ५४,७२० | | | | | | | |
| 3. | General Clean Worker | 0 | 1 | | 1500 | ५४,७२० | | | | | | | |
| 4. | Waiter | 1 | 2 | | 1500 | ५४,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ३ गते (19 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.
PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085, 98030 93814
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

## युएईमा रोजगार

कम्पनी : KHATT DATES FACTORY
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०७/२४ चलानी नं.: ६०२१००४० LT. No.: 294920

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing/Loading And Unloading Helper | 30 | 0 | स. काममा दक्ष | 900 | ३२,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० मंसिर ३ गते (19 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LIFE KEY OVERSEAS PVT. LTD
Gov. Lic No. 1431/074/075
Samakoshi, Kathmandu, Nepal. Tel : 01- 4951873
E-mail : sajhanepal6@gmail.com | info@lifekeyoverseas.com.np
Web : www.lifekeyoverseas.com.np

## MAURITIUS मा रोजगार

कम्पनी : HYVEC PARTNERS LTD.
शहर: MAURITIUS

पुर्व स्वीकृत मिति:२०८०/०७/२ चलानी नं.: ६०२०९७३४ L.T. No.: 294232

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 150 | 0 | सम्बन्धित काममा दक्ष | 17393 | ५२३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 100 | 0 | | 17393 | ५२३५२ | | | | | | | |
| 3. | Steel Fixer | 100 | 0 | | 17393 | ५२३५२ | | | | | | | |
| 4. | Supervisor | 20 | 0 | | 20000 | ६०२०० | | | | | | | |
| 5. | Cook | 10 | 0 | | 17393 | ५२३५२ | | | | | | | |
| 6. | Electrician | 20 | 0 | | 17393 | ५२३५२ | | | | | | | |
| 7. | Plumber | 20 | 0 | | 17393 | ५२३५२ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मितिहरू:
निखिल ट्रेनिङ सेन्टर, बालाजु काठमाडौंमा २०८० मंसिर १५ गते (1 December 2023) मा हुनेछ ।
अञ्जली ट्रेनिङ सेन्टर, विर्तामोड झापामा २०८० मंसिर १६ गते (2 December 2023) मा हुनेछ ।
मुनाल ट्रेनिङ सेन्टर, इटहरी सुनसरीमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।
पि.आई.टी. ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा २०८० मंसिर १८ गते (4 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

शुभ हारती म्यानपावर प्रा. लि.
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-१-४९८७६२४, ४९८७७४६, ४९८७७४८

मध्यान्ह
www.madhyanhadaily.com
२६ कात्तिक २०८०, आइतबार
12 November 2023, Sunday

# बक्स अफिस समाचार

सिनेमा क्षेत्रका बहुआयामिक व्यक्तित्व हुन् काजी लिम्बू । चलचित्र, टेलिचलचित्र, विज्ञापन, वृत्तचित्र, लघु चलचित्र जुनसुकै विधामा अब्बल काजी लिम्बू निर्देशकका अलवा लेखक र सम्पादक समेत हुन् । कामलाई कामकै रूपमा लिने उनले कहिले सानो ठूलो काम भनेनन् निरन्तर कर्मप्रति इमान्दारिताका साथ लागिरहे । 'आफ्नो मान्छे' सिनेमाबाट स्थल सहायकको रूपमा उनको यात्राको शुरूवात भयो । त्यसपछि प्रावधिक हुँदै सहायक निर्देशक, मुख्य सहायक निर्देशक हुँदै ठुलो पर्दाको सिनेमा निर्देशकसम्मको पहिचान बनाउन सफल लिम्बूले गौंथली, अजम्बरी माया, आफनोपन, जंगेमा प्राविधिकको रूपमा काम गरिसके पश्चात उनले जेठोकान्छो, नौडाँडापारी, चित्कार, रमझम, समर्पण, ग्रहण, अहंकार जस्ता सिनेमामा सहायक निर्देशक, मुख्य सहायक निर्देशकको रूपमा काम गरिसकेका छन् । हिन्दी र पाकिस्तानी सिनेमामा समेत काम गर्न भ्याएका छन् । दर्जन बढी विज्ञापन तथा वृतचित्र एवम् म्युजिक भिडियो निर्देशन गरिसकेका युवा निर्देशक **काजी लिम्बू**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :



## 'बाह्य बजारको प्रविधि र प्राविधिकसँग प्रतिस्पर्धा गर्न कठिन छ'

- काजी लिम्बू, सिनेकर्मी

**चाडपर्वको मेसोमा नयाा के गर्दै हुनुहुन्छ ?**

चाडपर्वको बेला मैले यो पटक धेरै भन्दा धेरै बाह्य भाषाका सिनेमा हेर्ने र त्यसमा प्रयोग भएका प्रविधिको अनुशरण गर्न आफूलाई प्रेरित गर्छु भन्ने प्रण गरेको छु ।

**चलचित्र, टेलिचलचित्र, विज्ञापन, वृत्तचित्र, लघु चलचित्र जुनसुकै विधामा काम गर्नुहुन्छ, समय कसरी मिलाउनुहुन्छ ?**

सबै विधामा फरक-फरक तवरले समय निर्धारण गरिएको हुन्छ । त्यही अनुसार माइन्डलाई सेटअप गर्छु र विषयवस्तुमाथि केन्द्रित गर्ने गर्दछु, त्यही भएर सजिलो नै भएको छ ।

**यति धेरै विधामा काम गर्नुहुन्छ, आफूलाई सहज लाग्ने काम चाहि कुन हो ?**

म लेख्दा एउटा अमूर्त स्केच लिएर बसेको हुन्छु भने निर्देशन गर्दा त्यही अमूर्त स्केचलाई मूर्त कसरी गराउने हो भन्ने सोचमा हुन्छु । सम्पादनमा बस्दा त्यो स्केचलाई कसरी जीवन्त बनाउने भनेर घोत्लीरहेको हुन्छु । मलाई सबै काम प्यारो लाग्छ ।

**सिने क्षेत्रका बहुआयमिक व्यक्तित्व हुनुहुन्छ, कसरी सम्भव भयो जस्तो लाग्छ ?**

वास्तवमा म चलचित्रमा निर्देशक बन्न आएको थिएँ, लेखनमा रुची भएको र नाटक पनि लेख्ने भएको हुँदा सिनेमा लेखनतर्फ ढल्किएँ । केही फिल्ममा लेखन सहयोगीको रुपमा काम पनि गरें । २०६२-६३ को बृहत् जनआन्दोलनपश्चात नेपाली सिनेमा क्षेत्र आमूल परिवर्तन आयो, न्यु स्कुल र ओल्ड स्कुल प्रत्यक्ष प्रभाव देखियो । त्यो बेला अहिलेजस्तो जिजिविषाको अन्य माध्यम कम हुने गर्थ्यो । अतः मैले टेलिभिजनमा प्रोगाम प्रोडुसरका रुपमा अनुबन्धित भइ काम गर्न थालें । फेरि नयाँ अध्याय शुरु भयो । त्यहीँबाट प्रोगाम प्रोडुसर, कार्यक्रमको-कोर्डिनेट, कन्टेन्ट राइटर, सम्पादक हुँदै फेरि सिनेमामा नै फर्किएको छु । यो अनुभवले पनि हो भन्ने लाग्छ ।

**नाटक लेखन, निर्देशनमा पनि कुनै समय सक्रिय देखिनु भयो, अहिले के छ ?**

मैले व्यावसायिक नाटक लेखन निर्देशन नगरेको धेरै भयो, अहिले त्यातातिर ध्यान दिएकै छैन ।

**सिनेमा लेखन र निर्देशनमा के भिन्नता छ ?**

एकदमै गहन विधा हुन् दुबै । लेखनमा भाषाको दख्खल भएको हुनुपर्छ, चाहे त्यो क्लिष्ट होस् या सरल । निर्देशनमा भिजनको गहिराइता हुने पर्दछ । लेखन र निर्देशकीय क्षमता, मानवीय संवेगता र सम्वेदना छुन सक्ने हुनु पर्दछ ।

**सिनेमामा आवश्यक सबै विषयको प्राविधिक ज्ञान भएको व्यक्ति तपाईं, अहिलेको प्रविधिलाई कसरी लिनु भएको छ ?**

हिजोको एनालगदेखि आजको डिजिटालाइजेसनसम्मको अनुभवलाई हेर्दा प्रविधिले ठूलो फड्को मारेको छ । नयाँ, नयाँ प्रविधिहरु आइरहेका छन् । हाम्रो प्राविधिक तथा मेकरहरु पनि प्रविधिमैत्री हुन थालेका छन् । रेड सिरिज, एरी सिरिजका अत्याधुनिक क्यामराहरु र त्यसलाई अपरेट गर्न सक्ने प्राविधिकि हाम्रो इण्डष्ट्रिजमा हुनु सम्पन्नताको लक्षण हो ।

**सबै कुराले सम्पन्न भएपनि नेपाली सनेमा उद्योग किन निरन्तर ओरालोतिर छ ?**

वर्षमा ५-६ सिनेमाबाहेक अन्यले पानी भन्न पाउँदैनन् । समस्या के छ भने हामी २१औं शताब्दीमा छौं । सूचना र प्रविधिले सिंगो संसार नै एउटा गाँउघर झैं भइसक्यो, हरेक राष्ट्रका सिनेकर्मीले नयाँ-नयाँ कथा र प्रविधिको एक्सपेरिमेन्ट गरेर सिनेमा बनाउन थालेका छन् । तर हामी भने उही घिसापिटा कथा वस्तु उही फर्मुलावाला सिनेमा बनाउन नै व्यस्त छौं । यहिँनेर हामी चुक्छौं र असफल हुन्छौं । तर सफल हुने फिल्मकर्मी पनि छन्, जस्ले दर्शकको रुची अनुसार अनुसन्धान गरेर सिनेमा बनाउँछन् ।

**नेपाली चलचित्रले किन अन्तर्राष्ट्रिय बजार अहिलेसम्म पाउन नसकेको होला ?**

विश्व सिनेमाको बजारको आयातन निकै ठूलो छ । तर हाम्रो उपस्थिति भने तपाईंले भने झैं न्यून छ । यसमा हामी मेकरले कसरत गर्न त्यतिकै जरुरी देख्छु । मेरो विचारमा हामीले बाह्य बजारको प्रविधि र प्राविधिकसँग प्रतिस्पर्धा गर्न कठिन छ । अतः मौलिक विषयवस्तुको छनोट गरेर यथार्थपरक हिसाबले प्रस्तुति दिन सकेमा पक्कै पहिचान मिल्नेछ भन्नेमा विश्वस्त छु । र, राज्यले नेपाली सिनेमा, कला, संस्कृति र कलकारलाई राष्ट्रको गहना ठान्छ भने विभिन्न मुलुकसँग समन्वय र सहकार्य गरी नेपाली सिनेमालाई प्रदर्शन गर्ने मार्गचित्र येथेष्टरुपमा बनाउन पर्छ । अनिमात्र नेपाली रजतपटले फड्को मार्न सक्छ ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

सबै नेपाली फिल्म चल्नुपर्छ भन्ने मान्यता राख्ने मान्छे हो म, सबै मेकरको फिल्म चलोस् । संसारभरिका सिनेमाले नेपाली सिनेमा क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आओस् ।

## पृथ्वीया थापालाई मिसेस नेपाल वर्ल्डको उपाधि




**काठमाडौं/मस-** विवाहित महिलाहरुबीचको नेपालकै सवैभन्दा ठूलो सौन्दर्य प्रतियोगितामा इटहरीकी पृथ्वीया थापाले सोफी मिसेस नेपाल वर्ल्ड २०२३ को उपाधि चुमेकी छन् । रिवन इन्टरटेनमेन्टको आयोजनामा असम र युथ वेद सह प्रायोजक रहेको प्रतियोगितामा लेखा परीक्षक रहेकी थापाले मुख्य उपाधिका साथ मस्ट ट्यालेन्टेडको उपाधिलाई पनि आफ्नो बनाएकी छन् । मिसेस वर्ल्ड २०२२ सरगम कौशलले उनलाई सो ताज पहिराएकी थिइन् ।

थापाले सोफी मिसेस नेपाल वर्ल्ड २०२३ भएवापत आगामी जनवरीमा अमेरिकामा हुने मिसेस वर्ल्डमा नेपालको प्रतिनिधित्व अवसर प्राप्त गर्नेछिन् भने एक स्कुटर पनि प्राप्त गर्नेछिन् ।

बुधबार राति राजधानीको कमलादिस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न प्रतियोगितमा सिर्जना केसी मिसेस नेपाल इन्टरनेशनल चुनिएकी छन् । एण्ड पिक्चर स्टुडियो मस्ट फोटोजेनिकको उपउपाधि विजेतासमेत भएकी उनले एक टेलिभिजन सेट तथा सिंगापुरमा हुने मिसेस इन्टरनेशनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछिन् ।

प्रतियोगितामा एक खुट्टा भएकी प्रतियोगी सीता सुवेदी एमएस नेपाल इन्टरनेशनलका साथमा रिवन इन्टरटेनमेन्ट म्यानेजमेन्ट च्वाइस अवार्ड विजेता भएकी छन् । उनले एमएस नेपाल इन्टरनेशनल भएवापत एक थान ओभन प्राप्त गर्नेछिन् भने सिंगापुरमा हुने एमएस इन्टरनेशनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछिन् । एक खुट्टाले यस्तो प्रतियोगिता जित्ने उनी पहिलो अन्तराष्ट्रिय प्रतियोगी हुन् ।

सो प्रतियोगितामा आईना गजुरेल फस्ट रनर्सअपका साथमा वेस्ट ज्याम्पवाक, निशा बिष्ट सेकेन्ड रनर्सअप, सरु आरएल राणा थर्ड रनर्सअपका साथमा फेसन आईकन र आयुष्मा राई पब्लिक च्वाइस अवार्डका साथमा भ्युअर्स च्वाइस भएका थिए ।

सो प्रतियोगितामा पुनम श्रेष्ठ रीलायाबल डाईग्नोस्टीक मस्ट डीसिप्लेन, रेखा सिंह रायमाझी नेपाल टुरिजम बोर्ड मिसेस टुरिजम एम्बेस्डर, मिना भट्टराई नेपाल टेलिकम मल्टि मिडिया च्वाइस अवार्ड, ज्ञानेश्वरी श्रेष्ठ फेसबुक च्वाइस अवार्ड, उत्सुकता नकर्मी ए र एस डेन्टल बेस्ट स्माइल, सलोनी श्रेष्ठ वाव वेस्ट हेयर, जेनी खड्का एन प्रोफ़ेसनल ब्युटी विथ कम्प्याक्सन, मंगली सिलवाल फ्लाइटेक इन्टरनेसनल बेस्ट डान्स, कोमल लामा सेटाफिल मस्ट डिसिप्लेन्ड बेस्ट स्कीन, पबिन श्रेष्ठ ओखती मिसेस कन्जिनियालिटी, रेखा बिष्ट आसम वेस्ट पर्सनालिटी र देबी थापा गुरुङ मिसलिन बेस्ट फिजीक उपाधि विजेता बन्न सफल भए ।

मिसेस नेपाल वर्ल्डलाई आगामी दिनबाट अझ सशक्त बनाउँदै लैजाने आयोजक संस्था रिवन इन्टरटेनमेन्टका अध्यक्ष निशुकान्त झाले कार्यक्रममा बताए । सो कार्यक्रमलाई पूर्व मिस नेपाल सुगरिका केसीले सञ्चालन गरेकी थिइन् ।

मिसेस नेपाल वर्ल्ड २०२३ को कोरियोग्राफी अन्तराष्ट्रिय कोरियोग्राफर अश्विनीकान्त झाले गरेका थिए । सन्दीप भुजेलको डान्स कोरियोग्राफी तथा सम्राट शाह र गंगा महर्जनको संयोजनमा भएको सो समारोहमा दुर्गेश थापाले आफ्ना टिमसँग आधा दर्जन गीतसँगै नृत्य प्रस्तुत गरेर कार्यक्रमको रौनक बढाएका थिए । कलाकार सिडी बिजय अधिकारीको प्रस्तुति पनि उत्कृष्ट थियो । प्रतियोगितामा सौन्दर्य प्रतियोगिता संघका अध्यक्ष गोपाल सुन्दरलाल कक्षपति, त्रिभुवन अन्तरास्ट्रिय विमानस्थलका महाप्रबन्ध प्रतापबाबु तिवारी, नेपाल प्रहरीकी एआईजीपी डा. आशा सिंह, मुटु रोग विशेषज्ञ डा. ओम मुर्ति अनिल, पत्रकार अखण्ड भण्डारी र अभिनेत्री सरिता लामिछाने निर्णायक रहेका थिए ।

सो समारोहमा नेपालकै प्रथम नायिका भुवन चन्द थापालाई मानार्थ मिसेस नेपाल वर्ल्डको क्राउनिङ गरियो । नेपाली चलचित्र उधोगमा अतुलनीय योगदान दिएको भन्दै उनलाई मानार्थ मिसेस नेपाल वर्ल्डको सम्मान प्रदान गरिएको छ । यस्तै एसिड भिक्टिम मुस्कान खातुनलाई पनि कार्यक्रममा विशेष सम्मान गरियो ।

## 'मिस स्कार्लेट' कान्तिपुर सिनेमाजमा रिलिज




**काठमाडौं/मस-** गत असोज २९ गते घोषणा गरेर शुरुवात भएको ओटिटी प्लेटफर्म कान्तिपुर सिनेमाजले अहिले विभिन्न फिल्म र सिरिजहरू प्रदर्शन गरिरहेको छ । कान्तिपुर सिनेमाजमा फिल्महरू ज्याकी: आइएम ट्वान्टी वान, जुलेवी, म, चि मुसी ची, खरानी, मदर, ऋतु, नपाली फिक्सन र लभ सुत्र सिनेमाजले वर्ल्डवाइड ओटिटी रिलिज गरिरहेको छ ।

योसँगै शनिबारबाट कान्तिपुर सिनेमाजले आफ्नो निर्माण रहेको ओरिजीनल साइकोलोजिकल फेन्टासी सिरिज मिस स्कार्लेटको स्ट्रिमीङ शुरु गरेको छ । गत वर्षको माघबाट वीरगञ्जदेखि छायाँकन शुरुवात गरेको मिस स्कार्लेटको वीरगञ्ज र काठमाडौंमा २७ दिन लगाएर छायाँकान भएको हो । पहिलो सिजनमा ४ एपिसोड हुने बताइएको मिस स्कार्लेटको एउटा एपिसोड ३५ देखी ४० मिनेटको हुनेछ । केही महिना अगाडि सिरिजले हिन्दी, अंग्रेजी र नेपाली भाषामा सार्वजनिक गरेको टिजर र ट्रेलरलाई दर्शक र चलचित्रकर्मीले राम्रो प्रतिक्रिया दिएका थिए ।

सिरिजलाई बलिराम चौहानले निर्देशन गरेका हुन भने यसका क्रियटिभ प्रोड्युशर प्रकाश पुरी हुन् । सिरिजको टिजर, ट्रेलर र कलाकार र टेक्निसीयनको लाईनअप हेर्दा नेपालमा बन्ने सिरियल र सिरिज भन्दा धेरै स्तरीय बनेको अनुमान लगाउन सकिन्छ । टलकजंग भर्सेस टुल्के फेम्ड सिनेमाटोग्राफर शेर बहादुर तामाङले खिचेको सिरिजमा चर्चित म्युजिकल ग्रुप नोवेल फ्रिक्सले म्युजिक दिएका छन् ।

टिजरबाटै अभिनय र भ्वाइसको तारिफ पाएका नव अभिनेता कुल श्रेष्ठ कमलको काम दमदार देखिएको छ । सिरिजमा टाइटल रोलमा गित बिष्ट सँगै आलीशा बास्तोला, कपिल रसाइली, सबी थापा, सुमित्रा अधिकारी, अर्नव घिमिरे, दिलीप नेपाली, रोज खत्री लगायतको अभिनय रहेको छ ।

यो सिरिजलाई विश्वभरिका दर्शकले कान्तिपुर सिनेमाजमा २९९ तिरेर हेर्न पाउनेछन् । नेपाली रुपैयाँ २९९ मा एक पटक सब्स्क्रीप्सन लिएपछि दर्शकले प्लाटफर्ममा भएका सबै फिल्म र सिरिजहरू एक महिना भरि हेर्न पाउने कान्तिपुर सिनेमाजका सिइओ तथा मिस स्कार्लेटका कृयटिभ प्रोड्युसर प्रकाश पुरीले जानकारी दिए ।

# सिरिज जित्ने नेपालको विश्वास



**काठमाडौं/मस-** थाइल्याण्डमा हुने चार देश सम्मिलित टी-२० क्रिकेट सिरिज खेल्ने नेपाली राष्ट्रिय महिला क्रिकेट टिमलाई नेपाल क्रिकेट संघ (क्यान)ले बिदाइ गरेको छ । शनिबार क्यानका सचिव पारस खड्का र क्यान सदस्य दिवाकर घलेले उनीहरुलाई बिदाइ गरेका हुन् । नेपाली टिम आइतबार त्यसतर्फ प्रस्थान गर्नेछ ।

क्यानले नेपाली टिमको कप्तानको जिम्मेवारी इन्दु बर्मालाई दिइसकेको छ । ११ वर्षदेखि कप्तानको जिम्मेवारी सम्हाल्दै आएकी रुबिना क्षेत्रीको स्थानमा इन्दुलाई उक्त जिम्मेवारी दिएको हो । त्यस्तै नेपालको प्रशिक्षकको जिम्मेवारी मनोज कटुवालले निभाउनेछन् ।

नवनियुक्त कप्तान इन्दुले चार देश सम्मिलित टी-२० क्रिकेट सिरिजमा राम्रो प्रदर्शन गर्ने बताएकी छन् । इन्दुले यो प्रतियोगिता आफ्नो लागिसमेत अवसर भएको बताइन् । इन्दुले यसलाई चुनौतीका रूपमा लिएको बताएकी छिन् । छोटो समयको प्रशिक्षणका क्रममा फिल्डिङ र फिटनेसमा काम गरेको भन्दै उनले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरिन् ।

नवनियुक्त प्रशिक्षक मनोज कटवालले पनि ६/७ दिनको तयारी मात्र भएकाले चुनौती भएपनि च्याम्पियन भएर फर्किने आशा व्यक्त गरे ।

हङकङमा हुने चार देश सम्मिलित टी-२० सिरिजमा नेपालसँगै तान्जानिया, जापान र हङकङ रहेका छन् । खेल २९ गतेबाट शुरु हुँदैछ । नेपालले आफ्नो पहिलो खेल यही कात्तिक २९ गते तान्जानियासँग खेल्नेछ ।

नेपाली टिममा इन्दु बर्मा (कप्तान), बिन्दु रावल (उपकप्तान), रुबिना क्षेत्री, सीता राना मगर, अस्मिना कर्मचार्य, काजल श्रेष्ठ, कञ्चन श्रेष्ठ, सोमी विष्ट, पूजा महतो, रोमा थापा, संगीता राई, खुसी डंगोल, सम्झना खड्का र सोनी पाखिन रहेका छन् ।

# प्रदीप र अभिलाषा च्याम्पियन



**काठमाडौं/मस-** प्रदीप खड्का र अभिलाषा विष्टले तेश्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको सिंगल्स उपाधि शनिबार जितेका छन् । पुरुषमा प्रदीप र महिलामा अभिलाषा च्याम्पियन बनेका हुन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको पुरुष फाइनलमा प्रदीपले ऋतिक राणालाई ७-५, ४-६ र ६-३ को सेटमा पराजित गरे । महिलाको उपाधि भिडन्तमा अभिलाषाले प्रकृति श्रेष्ठलाई ६-० र ६-० ले सहजै हराइन् । पुरुष/महिला दुवैमा पहिलो हुनेले १ लाख तथा दोश्रोले ५० हजारका दरले नगद पुरस्कार हात पारे ।

प्रदीप र अभिलाषाले प्रतियोगितामा दोहोरो स्वर्ण जिते । दुवैले डबल्समा पनि स्वर्ण जिते । प्रदीपले निहालजंगबहादुर थापा तथा अभिलाषाले माहिका राणासंग मिलेर स्वर्ण हात पारेका हुन् ।

भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा पूर्व सिंगल्स राष्ट्रिय च्याम्पियन जितेन्द्र परियार पहिलो भए । उनले फाइनलमा कमलबहादुर भण्डारीको चुनौती ६-२, १-६ र १०-८ ले पन्छाए । जितेन्द्रले ५० हजार तथा कमलले २५ हजार नगद पुरस्कार पाए ।

वीर गणेशमान सिंह फाउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीद्वारा संयुक्त आयोजित प्रतियोगिता सिनियर, भेट्रान र जुनियरमा गरी जम्मा २३ स्पर्धामा प्रतिस्पर्धा भएको थियो । यसअघि भेट्रान ३५ वर्षमाथि पुरुष डबलसमा सुभाष बस्नेत र सन्तोष खत्री, ४५ वर्षमाथि पुरुष सिंगल्समा महेश श्रेष्ठ, ४५ वर्षमाथि पुरुष डबल्समा रोहित सुनुवार र यज्ञबहादुर भण्डारी, ५५ वर्षमाथि पुरुष सिंगल्समा विमलकुमार गुरुङ, ५५ वर्षमाथि पुरुष डबल्समा सुदर्शन विष्ट र जीवन घिमिरे तथा ६५ वर्षमाथि पुरुष सिंगल्समा कमल थापा पहिलो भए ।

जुनियरमा शिभाली गुरुङ, विश्वविशेष डल्लाकोटी, सरा पन्त र वृजेश अर्यालले पनि दोहोरे स्वर्ण जित्न सफल भए । शिभालीले यु-१२ र यु-१४ गर्ल्स सिंगल्समा स्वर्ण जितिन् । विश्वले यु-१० र यु-१२ ब्वाइज सिंगल्सको फाइनलमा बाजी मारे । सरा यु-९ र यु-१० गर्ल्स सिंगल्समा अब्बल बनिन् । यु-१४ ब्वाइज सिंगल्समा स्वर्ण जितेका वृजेशले डबल्समा साश्वत वज्राचार्यसंग मिलेर पहिलो बने ।

त्यस्तै यु-८ सिंगल्सको ब्वाइजमा भिरल अग्रवाल र गर्ल्समा निम्ति कुँवर, यु-९ ब्वाइज सिंगल्समा निश्चल ज्ञवाली तथा गर्ल्स डबल्समा स्वस्तिका विष्ट र मेरिशा थापाले शीर्ष स्थान हात पारे । विजेतालाई पूर्व उपप्रधानमन्त्री प्रकाशमान सिंह, प्रतियोगिता संयोजक भाष्करमान सिंह, नागर्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेत, तार्केश्वर नगरपालिकाका मेयर हरिकृष्ण महर्जन, नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा र महासचिव मनोहरदास मुल, आयोजक कमिटीका अध्यक्ष सन्जिव तुलाधरलगायतले एक कार्यक्रमबीच पुरसकार वितरण गरे ।

आठदिने प्रतियोगितामा करिब २ सय खेलाडीले प्रतिस्पर्धा गरेका थिए । जुनियरमा बाहेक सबै स्पर्धामा नगद पुरस्कारको व्यवस्था थियो । जम्मा ९ लाख ४ हजार ३ सय ७५ रुपैयाँ नगद पुरस्कार वितरण गरियो । जुनियरका पदक विजेतालाई भने गिफ्ट ह्याम्पर प्रदान गरिएको थियो ।

# अष्ट्रेलियाले बंगलादेशलाई हरायो



**काठमाडौं/एजेन्सी-** एकदिवसीय विश्वकप २०२३ अन्तर्गत शनिबार भएको खेलमा अष्ट्रेलियाले बंगलादेशलाई ८ विकेटले पराजित गरेको छ । अष्ट्रेलियाको यो लगातार सातौं जित हो । पुणेस्थित महाराष्ट्र क्रिकेट एसोसिएसन स्टेडियममा भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३०६ रन बनाएर अस्ट्रेलियालाई ३०७ रनको लक्ष्य दिएको थियो । जवाफमा अस्ट्रेलियाले ४४.४ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गर्यो ।

डेभिड वार्नर र मिचेल मार्सबीच दोस्रो विकेटका लागि शतकीय साझेदारी थियो । दुवैले ११६ बलमा १२० रन जोडे। यो साझेदारी वार्नरको विकेटसँगै टुट्यो । वार्नर ५३ रन बनाएर आउट भए ।

अष्ट्रेलियाका ओपनर डेभिड वार्नरले अर्धशतक बनाए । उनले ६१ बलमा ५३ रनको पारी खेले । यो वार्नरको एकदिवसीय करियरको ३३ औं र जारी विश्वकपको दोस्रो अर्धशतक हो । पावरप्लेमा अष्ट्रेलियाले एक विकेट गुमाएको थियो । पावरप्लेको सुरुमै बंगलादेशले राम्रो शुरुवात गरेको थियो । ट्राभिस तेस्रो ओभरमा नै आउट भए । यसपछि अस्ट्रेलियाका डेभिड वार्नर र मिचेल मार्सले इनिङ्सको जिम्मा लिए । पावरप्लेमा अस्ट्रेलियाले ५० रनको बनाउँदा १ विकेट पनि गुमाएको थियो ।

पहिले ब्याटिङ गरेको बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३०६ रन बनायो । बंगलादेशका लागि तौहिद हृदयोयले अर्धशतक प्रहार गरे। उनले ७९ बलमा ७४ रनको इनिङ खेले । यो उनको एकदिवसीय करियरको छैटौं अर्धशतक र विश्वकपको पहिलो अर्धशतक हो। उनका अलावा नजमुल हुसेन शान्तोले ४५ रन, लिटन दासले ३६ रन, तान्जिद हसन तमिमले ३६ र महमुदुल्लाह रियादले ३२ रन बनाए । अष्ट्रेलियाका लागि शान एबोट र एडम जाम्पाले २-२ विकेट लिए । मार्कस स्टोइनिसले एक विकेट लिए । बंगलादेशका तीन खेलाडी रनआउट भए ।

# स्वर्गीय कैलाश स्मृति फुटबलको उपाधि दमौटीलाई



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ कात्तिक

स्वर्गीय कैलाश स्मृति फुटबलको उपाधि दमौटी फुटबल समूहले जितेको छ । उदयपुरमा गत आइतबारदेखि जारी फुटबल प्रतियोगिताको शनिबार भएको फाइनल खेलमा बेल्टार फुटबल समूहलाई हराउँदै दमौटी उपाधि जित्न सफल भएको हो ।

जिल्ला फुटबल संघ उदयपुरको समन्वय तथा त्रियुगा नगरपालिका-४ बगहा युवा समूहको आयोजनामा स्वर्गीय खेलाडी युवराज राई (कैलाश)को सम्झनामा खेल मैदान बगहामा प्रतियोगिता सञ्चालन भएको थियो । दुई समूहबीच भएको प्रतिस्पर्धात्मक फाइनल खेलमा ट्राईब्रेकरमा दमौटीले बेल्टारलाई ५-४ गोल अन्तरले पराजित गरेको हो ।

प्रतियोगिताको पहिलो हाफ गोलरहित बराबरमा टुंगिएको थियो । दोस्रो हाफ खेलमा बेल्टारको सुनिल खड्काले ७२ औं मिनेटमा पहिलो गोल गर्दै समूहलाई अग्रता दिलाएका थिए । यता दमौटीको विशाल राउतले इन्ज्युरी समयमा जवाफी गोल फर्काएर खेल बराबरीमा पुर्‍याएसँगै खेल ट्राईब्रेकरमा प्रवेश गरेको थियो । ट्राईब्रेकरमा दमौटीले बेल्टारलाई ५-४ गोल अन्तरले पराजित गर्‍यो ।

प्रतियोगितामा बेस्ट गोलकिपर उद्दव मगर दमौटी, बेस्ट डिफेन्डर नर्बु तामाङ बेल्टार, उत्कृष्ट मिडफिल्डर पबिन राई दमौटी, हाइस्कोर प्रबिन राई बगहा, उत्कृष्ट स्ट्राइकर बिकि मगर बेल्टार भएका थिए । उनीहरुलाई जनही ३ हजार नगद प्रदान गरिएको थियो । खेलको उत्कृष्ट प्लेयर बेल्टार समूहका राकेश राई भए । उनलाई नगद ३ हजार ५ सय प्रदान गरिएको थियो । खेलको म्यान अफ द म्याच शिशिर लेखी भए ।

आयोजक संस्था बगहा युवा समूहका अध्यक्ष सुरेन्द्र राईले नीतिगत, संस्थागत र बुद्धिजीवी स्थानीय युवा सरोकारवाला निकायहरुको आर्थिक, भौतिक सहयोगले प्रतियोगिता सफल भएको बताए । त्रियुगा नगरपालिकाकी उपमेयर महेश्वरी राई, अखिल नेपाल फुटबल संघका महासचिव किरण राई, राजनीतिक दलका प्रतिनिधिलगायतले खेलाडीहरुलाई फुटबल हस्तान्तरण गरेर फाइनल खेलको उद्घाटन गरेका थिए ।

प्रतियोगितामा प्रथम र दोस्रो हुने समूहलाई प्रमुख अतिथि अखिल नेपाल फुटबल संघका महासचिव किरण राईलगायतले खेलाडीहरुलाई शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए । पहिलो हुने टिमले ५० हजार र दोस्रो हुने टिमले ३० हजार नगद पुरस्कार पाए । राईले स्वर्गीय पूर्व खेलाडी कैलाशको स्मृतिमा आफ्नो एउटा सँगैको सहयोद्धा र सहकर्मी मित्र रहेको बताउँदै आफू यहाँसम्म आइपुग्न उनको पनि महत्वपूर्ण भूमिका रहेको बताए । उनले समग्र खेल क्षेत्रको विकासको स्थानीय निकायका साथै सरोकारवाला निकायहरुको महत्वपूर्ण भूमिका रहने बताए ।

# एरिकालाई प्रयागपोखरी डोजोको सम्मान



**काठमाडौं/मस-** नेपाल सितोरियो कराते डो संघ, प्रयागपोखरी डोजोले १९ औं एसियाली खेलकुदमा ऐतिहासिक रजत पदक जितेकी करातेकी एरिका गुरुङलाई शनिबार नगदसहित सम्मान गरेको छ । शुभ दिपावली, नेपाल सम्वत् ११४४ तथा छठ पर्वको उपलक्ष्यमा प्रयागपोखरीस्थित ललितपुर जिल्ला खेलकुद विकास समितिमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा एरिकालाई सम्मान गरिएको हो ।

बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकार, प्रयागपोखरी डोजोका संस्थापक अध्यक्ष गोपाल महर्जन, प्रयागपोखरी डोजोका प्रशिक्षक विकास महर्जनलगायतले एरिकालाई नगद २० हजारसहित प्रशंसा पत्र प्रदान गरी सम्मान गरे ।

सोही अवसरमा १९ औं एसियाली खेलकुदको कराते टोलीका प्रशिक्षक कुशल श्रेष्ठ र वीरकृष्ण शाही र व्यवस्थापक निवासगोपाल वैद्यलाई पनि प्रशंसा पत्रद्वारा सम्मान गरिएको थियो ।

चीनको हाङझाउमा गत असोजमा भएको एसियाली खेलकुदमा एरिकाले महिला ६८ केजीमाथि तौलसमूहमा रजत जितेकी थिइन् । एरिकाले जितेको रजत नेपालले एसियाली खेलकुदको करातेमा जितेको पहिलो रजत पदक हो । एरिकाअघि सीताकुमारी राई, समरबहादुर गोले र विमला तामाङले एसियाली खेलकुदको फरक संस्करणमा नेपाललाई करातेमा कांस्य दिलाएका थिए ।


## कुवेतमा रोजगार

कम्पनी : ABX DELIVERY COMPANY FOR CONSUMER ORDER
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०७/२४ चलानी नं.: ६०२१००३४ L.T. No.: 294936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 58 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MERSAL ALWATANIYA COMPANY FOR DELIVERY FOR CONSUMER GOODS शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०७/२४ चलानी नं.: ६०२१००३५ L.T. No.: 294937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver | 13 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता Everest Driving Centre, नागढुंगा, पोखरामा २०८० मंसिर ५ गते (21 November 2023) मा हुनेछ ।
Munal Trading Centre, इटहरी, सुनसरीमा २०८० मंसिर ६ र ७ गते (22 & 23 November 2023) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर ८ र ९ गते (24 & 25 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
Govt. Lic. No. 1156/073/074 फोनः ०१४९६३४०४, ४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३
Pokhara : 9856074654, 9857031190, Itahari : 9810307862 , 9810591900



## भोटखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हटिया, सङखुवासभा
कोशी प्रदेश, नेपाल

### प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०७/१७

भोटखोला गाउँपालिकाको आयोजना, विपन्नको लागि स्वास्थ्य नेपालको सह-आयोजक र टिचिङ हस्पिटल महाराजञ्ज र मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्स्प्लान्ट सेन्टरको प्रविधिक सहयोगमा भोटखोला गाउँपालिकाको श्री अरुणोदय मा वि भोटखोला-२ मा मिति २०८०/०८/६-७ र श्री कृष्ण मा वि गोला भोटखोला -४ मा मिति २०८०/०८/७-९ गते निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालनको लागी तपशिलका तालिका अनुसार हेलकप्टर उडानको लागी न्यूनतम दररेट सहित १५ दिनभित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

हेलिकप्टर उडान तालिका

| सि नं | उडान विवरण | समय | उडान पटक | मिति |
|---|---|---|---|---|
| १ | काठमाण्डौ देखि भोटखोला-२ लिगम (श्री अरुणोदय मा वि प्रांगण) | विहान ७-८ बजे | १ पटक | २२ नोभेम्वर २०२३ |
| २ | भोटखोला-२ लिंगम देखि भोटखोला-४ गोला र भोटखोला-४ गोला देखि भोटखोला-२ लिंगम | विहान ७-९ बजे | ३ पटक | २२ नोभेम्वर २०२३ |
| ३ | काठमाण्डौ देखि भोटखोला-२ लिंगम र भोटखोला -२ लिंगम देखि भोटखोला-४ गोला | विहान ७-९ बजे | ३ पटक | २४ नोभेम्वर २०२३ |
| ४ | भोटखोला-४ गोला देखि काठमाडौं | विहान ७-९ बजे | १ पटक | २६ नोभेम्वर २०२३ |

प्रमुख प्रशासकिय अधिकृत
भोटखोला गाउँपालिका, सङखुवासभा

गो.द.का.द.नं. ३३/०६९/०७०

२६ कात्तिक २०८०, आइतबार
12 November 2023, Sunday

मध्यान्ह राष्ट्रिय दैनिक द्वारा जनहितमा जारी सन्देश

- ❖ चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।
- ❖ चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- ❖ हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- ❖ चाडपर्वमा फजुल खर्च नगरौं ।

## विर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा, कोशी प्रदेश, नेपाल

# हार्दिकशुभकामना

**नेपालीहरूको महान् चाड शुभ-दिपावली तथा नेपाल सम्वत ११४४ साथै छठ पर्व २०८०** को सुखद उपलक्ष्यमा यस नगरबासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपालीजनहरुमा सुख, शान्ति, समृद्धि छावोस, लक्ष्मीले बास गरुन, विजयको प्रतिकले सदैव छाइरहोस, सबैको सु–स्वास्थ्य दिर्घायुको र उत्तरोत्तर प्रगतिको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

### सम्पूर्ण नगरबासीहरूलाई सूचना

- ❖ चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।
- ❖ मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपयोग नगरौ ।
- ❖ काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ ।
- ❖ सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ ।
- ❖ मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ ।
- ❖ चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- ❖ चाडपर्वमा फजुल खर्च नगरौं ।
- ❖ हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- ❖ मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
- ❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचालाऔं ।
- ❖ चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं
- ❖ चाडवाडको समयमा आफ्नो घर छाडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्यालढोका ग्रिल बन्द गरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- ❖ एक अर्काको धर्म, अर्का धर्म संस्कृति रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
- ❖ एक आपसमा भेदभाव नगरौं, धार्मिक सहिष्णुता कायम गरौं।
- ❖ डेंगू संक्रमण कायमै रहेकाले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामग्रीहरूको प्रयोग गरौं ।
- ❖ प्लाष्टिकजन्य पदार्थलगायत फोहोर सामग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सरजस्ता भयावह रोग लाग्न सक्छ ।
- ❖ बाटोघाटो, पुल/पुलेसालगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्नो व्यक्तिगत कार्य नगरौं ।

| | | |
|---|---|---|
| श्री पवित्रा महतारा प्रसाईं<br>प्रमुख | श्री विनोद कुमार न्यौपाने<br>प्रमुख प्रशासकीय अधिकृत | श्री नगेन्द्र प्रसाद संग्रौला<br>उप–प्रमुख |

## पूर्वाधार विकास कार्यालय
## मोरङ, विराटनगर

# हार्दिकशुभकामना

**नेपालीहरूको महान् चाड शुभ-दिपावली तथा नेपाल सम्वत ११४४ साथै छठ पर्व २०८०** को सुखद उपलक्ष्यमा यस जिल्लाबासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपालीजनहरुमा सुख, शान्ति, समृद्धि छावोस, लक्ष्मीले बास गरुन, विजयको प्रतिकले सदैव छाइरहोस, सबैको सु–स्वास्थ्य दिर्घायुको र उत्तरोत्तर प्रगतिको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- ❖ सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- ❖ सडकको दायाँ–बायाँ रुख विरुवा रोपौं ।
- ❖ ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- ❖ घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- ❖ निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- ❖ सडकको दायाँ–बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- ❖ सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- ❖ सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- ❖ सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामाग्री, व्यापारिक तथा व्यवसायिक समाग्री नराखौं ।
- ❖ सडकपेटी अतिक्रमण नगरौं ।
- ❖ सडक तथा सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन नगरौं ।
- ❖ विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- ❖ सडकपेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- ❖ सडकपेटी किनारामा जथाभावी निर्माण सामाग्री नराखौं ।
- ❖ सडकपेटी जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- ❖ सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- ❖ मोटरेवल पुलहरुको संरक्षणमा सबैले ध्यान पुराऔं । पुलहरुमा कसैले क्षति पऱ्याउन लागेमा स्थानीय सरोकारवाला वा पूर्वाधार विकास कार्यमा खबर गरौं ।

## इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी, कोशी प्रदेश, नेपाल

# हार्दिकशुभकामना

**नेपालीहरूको महान् चाड शुभ-दिपावली तथा नेपाल सम्वत ११४४ साथै छठ पर्व २०८०** को सुखद उपलक्ष्यमा यस नगरबासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपालीजनहरुमा सुख, शान्ति, समृद्धि छावोस, लक्ष्मीले बास गरुन, विजयको प्रतिकले सदैव छाइरहोस, सबैको सु–स्वास्थ्य दिर्घायुको र उत्तरोत्तर प्रगतिको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

### सम्पूर्ण नगरबासीहरूलाई सूचना

- ❖ चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।
- ❖ मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपयोग नगरौ ।
- ❖ काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ ।
- ❖ सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ ।
- ❖ मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ ।
- ❖ चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- ❖ चाडपर्वमा फजुल खर्च नगरौं ।
- ❖ हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- ❖ मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
- ❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचालाऔं ।
- ❖ चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं
- ❖ चाडवाडको समयमा आफ्नो घर छाडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्यालढोका ग्रिल बन्द गरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- ❖ एक अर्काको धर्म, अर्का धर्म संस्कृति रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
- ❖ एक आपसमा भेदभाव नगरौं, धार्मिक सहिष्णुता कायम गरौं।
- ❖ डेंगू संक्रमण कायमै रहेकाले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामग्रीहरूको प्रयोग गरौं ।
- ❖ प्लाष्टिकजन्य पदार्थलगायत फोहोर सामग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सरजस्ता भयावह रोग लाग्न सक्छ ।
- ❖ बाटोघाटो, पुल/पुलेसालगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्नो व्यक्तिगत कार्य नगरौं ।

| | | |
|---|---|---|
| श्री हेम कर्ण पौडेल<br>प्रमुख | श्री राम चरित्र मेहता<br>प्रमुख प्रशासकीय अधिकृत | श्री संगीता कुमारी चौधरी<br>उप–प्रमुख |

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कठौना सप्तरी, मधेश प्रदेश, नेपाल

# हार्दिकशुभकामना

**नेपालीहरूको महान् चाड शुभ-दिपावली तथा नेपाल सम्वत ११४४ साथै छठ पर्व २०८०** को सुखद उपलक्ष्यमा यस नगरबासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपालीजनहरुमा सुख, शान्ति, समृद्धि छावोस, लक्ष्मीले बास गरुन, विजयको प्रतिकले सदैव छाइरहोस, सबैको सु–स्वास्थ्य दिर्घायुको र उत्तरोत्तर प्रगतिको कामना सहित **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

### सम्पूर्ण नगरबासीहरूलाई सूचना

- ❖ चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।
- ❖ मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपयोग नगरौ ।
- ❖ काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ ।
- ❖ सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ ।
- ❖ मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ ।
- ❖ चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- ❖ चाडपर्वमा फजुल खर्च नगरौं ।
- ❖ हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- ❖ मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
- ❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचालाऔं ।
- ❖ चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं
- ❖ चाडवाडको समयमा आफ्नो घर छाडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्यालढोका ग्रिल बन्द गरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- ❖ एक अर्काको धर्म, अर्का धर्म संस्कृति रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
- ❖ एक आपसमा भेदभाव नगरौं, धार्मिक सहिष्णुता कायम गरौं।
- ❖ डेंगू संक्रमण कायमै रहेकाले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामग्रीहरूको प्रयोग गरौं ।
- ❖ प्लाष्टिकजन्य पदार्थलगायत फोहोर सामग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सरजस्ता भयावह रोग लाग्न सक्छ ।
- ❖ बाटोघाटो, पुल/पुलेसालगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्नो व्यक्तिगत कार्य नगरौं ।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई–मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ